# संस्कृत साहित्यको ऐतिहासिकता

रामहरि लम्साल
सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

## लेखसार

प्रस्तुत लेख संस्कृत साहित्यको उद्गम र विकासका सम्बन्धमा गरिएको सङ्क्षिप्त अध्ययन हो । ज्ञान-विज्ञान र साहित्यको विशाल भण्डार रहेको उच्चबौद्धिक र परिष्कृत संस्कृत भाषा प्राचीन समयमा बोलीचालीको लोकभाषा पनि हो । यस भाषाको वैदिक वाङ्मयको विकाससँगै साहित्यिक रूपको विकास भएर संस्कृत साहित्यको प्रारूप देखिन थालेको हो । यसै क्रममा ऋग्वेदलाई संस्कृत साहित्यको उद्गम बिन्दु मानिएको छ । वेदका विभिन्न शाखा-उपशाखा, ब्राह्मण, आरण्यक, उपनिषद् आदिमा संस्कृत साहित्यको वैदिक रूप देख्न सकिन्छ । संस्कृत साहित्यको लौकिक स्वरूप पुराणेतिहासको आर्ष रूपमा देखापर्दछ । संस्कृत वाङ्मयको आर्ष साहित्यिक भण्डारमा अठार पुराण र तिनका उपपुराणहरू छन् तर तिनलाई साहित्यभन्दा बढी इतिहासका रूपमा चिनाइन्छ । आर्ष साहित्यका रूपमा चिनिने लौकिक संस्कृतको उच्चतम् साहित्यिक ग्रन्थहरू रामायण र महाभारत हुन् । संस्कृत साहित्यको विकासको पछिल्लो चरण ललित साहित्य लेखनको उत्कर्षावस्था हो । कलात्मक साहित्य शास्त्रीय नियम र व्यकरणसम्मत परिष्कृतिको पालना गर्दै रचिएका छन् । संस्कृत साहित्यको विकास पाणिनि उत्तरकालमा उत्कर्षमा पुगेको देखिन्छ । त्यसबेला रचना गरिएका विधागत विशिष्टतायुक्त अनेकौं साहित्यिक ग्रन्थहरू संस्कृत साहित्यको भण्डारमा उपलब्ध छन् । यस लेखमा संस्कृत साहित्यको उद्भव र विकासका क्रममा देखापरेका विभिन्न चरण, विशिष्ट स्रष्टाहरू एवम् तिनका योगदानको विहङ्गम अध्ययन गर्दै संस्कृत साहित्यका भण्डारमा प्राप्त भएका महत्त्वपूर्ण उपलब्धिहरूको विवरण प्रस्तुत गरिएको छ । संस्कृत साहित्यको ऐतिहासिक विकासको सर्वेक्षणबाट ईशापूर्व एक हजार वर्षदेखि ईशाको सत्रौं शताब्दीसम्मको अवधि संस्कृत साहित्यको चरम विकास र उपलब्धिको अवधि रहेको देखिन्छ । वैदिक कालदेखि हालसम्म आइपुग्दा करिब एकतिस सय वर्ष पुरानो इतिहास भएको संस्कृत साहित्य विगत चारसय वर्षदेखि शिथिल अवस्थामा रहेको छ । पछिल्लो समयमा विभिन्न पश्चिमा मुलुकहरूले समेत संस्कृत भाषाको अध्ययन, अध्यापन एवम् खोज-अनुसन्धानमा अभिरुचि देखाएका र अनुसन्धनका क्रममा संस्कृत भाषा कप्युटरीकृत भाषा बन्न सक्ने प्रवलता रहेकाले संस्कृत साहित्यको पुनरुत्थान हुने सम्भावनालाई नकार्न सकिँदैन ।

*शब्दकुञ्जी:* कर्मकाण्ड, छन्दःसूत्र, नीतिकथा, पुराण-साहित्य, महाकाव्य ।

## विषयपरिचय

विश्वका समग्र वाङ्मयको प्रचीनतम् भाषाहरूमध्ये संस्कृत भाषा सवैभन्दा परिष्कृत र समुन्नत भाषा हो । यस भाषाको साहित्यिक रूप विभिन्न कालखण्डमा अनेकौं उतारचढाउ बेहोर्दै लामो ऐतिहासिक परम्पराबाट विकसित भएको हो । इतिहाससम्बद्ध विषय जुन ज्ञानक्षेत्रका रूपमा उल्लिखत र वर्णित हुन्छ त्यसलाई ऐतिहासिक भनिन्छ । यही ऐतिहासिक हुनुको भाव वा अवस्था नै ऐतिहासिकता हो । संस्कृत साहित्य आदिकालदेखि उद्भव र विकसित हुँदै चरम अवस्थामा पुगी शिथिल भएको अवस्था हो । संस्कृत साहित्यको क्षेत्र व्यापक र ऐतिहासिक भएकाले यसलाई अध्ययनको विषय बनाइएको हो । संस्कृत साहित्यको विकास मूलतः वैदिक संस्कृत र लौकिक संस्कृत गरी दुई रूपमा देखापर्दछ । संस्कृत साहित्यको उद्गम बिन्दु वैदिक संस्कृतको सवैभन्दा प्रचीन ग्रन्थ ऋग्वेदलाई मानिएको छ । वैदिक साहित्यिक युग वेदबाट सुरु भएर उपनिषद् ग्रन्थमा समाप्त भएको छ । ऋग्वेदको उषःसूक्तमा काव्यको स्वरूप र पुरुरवा-उर्वसी संवाद सूक्तमा नाट्यरूप भेटिन्छ । वेदका सूक्त र मन्त्रसंहिताहरूको

अभिव्यक्तिमा काव्यात्मक शिल्पसौन्दर्य र भावाभिव्यञ्जनाको उत्कृट संयोजन रहेको छ। वेदकै जगमा निर्माण भएका ब्राह्मण, आरण्यक र उपनिषद् हुँदै वेदाङ्गका ग्रन्थहरूमा आइपुग्दा वैदिक साहित्यले आफ्नो रूप परिवर्तन गरी लौकिक साहित्यिक रूपतर्फ मोडिन लागेको आभाष हुन्छ। वैदिक संस्कृत साहित्यले निर्माण गरेको लौकिक संस्कृत साहित्यतर्फको यात्रा पथमा सर्वप्रथम पुराणेतिहासमूलक साहित्यिक रूप देखापर्दछ। यसको प्रतिनिधित्व विभिन्न अठार पुराण र मूल रूपमा रामायण र महाभारतले गरेका छन्। यी वैदिककालोत्तर तथा पाणिनिकाल पूर्वका आर्ष महाकाव्य हुन्। यिनै आर्ष महाकाव्यको उपजीव्यतामा अनेकौं ललित संस्कृत साहित्य रचना भएका छन्। ललित साहित्यिक रचनाहरूलाई कलात्मक साहित्य पनि भनिन्छ। ललित संस्कृत साहित्यको प्रमुख विधा महाकाव्य र नाटकका रूपमा विकसित भएको देखिन्छ।

संस्कृत साहित्य आख्यान र प्रबन्धात्मक गद्यका रूपमा पनि विकसति भएको छ। ऋग्वेदका सूक्त-संवादहरूबाट सुरु भएको वैदिक संस्कृत साहित्य लौकिक रूपमा आइपुग्दा बाल्मीकिको रामायण र व्यासको महाभारत हुँदै अगाडि बढेको छ। यसक्रममा कालिदासको कुमारसंभव र रघुवंश, भारविको किरातार्जुनीय, माघको शिशुपालवध, श्रीहर्षको नैषधीय चरित आदि उत्कृष्ट महाकाव्य हुँदै भासको स्वप्नवासवदत्त, कालिदासको अभिज्ञान शाकुन्तल, शूद्रकको मृच्छकटिक, भवभूतिको उत्तररामचरित, श्रीहर्षको प्रियदर्शिका, विशाखादत्तको मुद्रराक्षस आदिजस्ता उत्कृष्ट नाट्य रचनासम्म विस्तार भएको छ। यस्तै गद्य विधातर्फ गुणाढ्यको वृहत्कथा, विष्णु शर्माको हितोपदेश र नारायण शर्माको पञ्चतन्त्रजस्ता आख्यान एवं दण्डीको दशकुमारचरित, वाणको हर्षचरित र कादम्बरी जस्ता उत्कृष्ट गद्यात्मक प्रबन्धकाव्य रचना भएका छन्। प्रस्तुत लेख संस्कृत साहित्यका वैदिक तथा लौकिक परम्परामा देखापरेका विकासका चरणहरू, चरणगत उपलब्धि र तिनका स्रष्टाहरू एवम् तिनले सङ्कलन र निर्माण गरेका वैदिक साहित्यका विभिन्न रूप तथा लौकिक साहित्यिक विधाका महाकाव्य, नाटक, आख्यान, गद्यकाव्य र काव्यशास्त्रजस्ता रचनाका माध्यमबाट स्रष्टाहरूले पुऱ्याएको योगदानको ऐतिहासिक परिचयात्मक प्रस्तुति हो।

## समस्याकथन

प्राचीन कालमा अनुभवका आधारमा शिक्षा दिने दर्शन विशेषलाई इतिहास भनिन्थ्यो। मानिसले हरेक विषय र व्यावहार अनुभवबाटै सिक्छ र उसको जीवन प्रायः सहज प्रवत्तिहरूको सट्टा अनुभवजन्य विवेकद्वारा परिलक्षित हुन्छ। ऐतिहासिक परिप्रेक्ष्यबिना अतीतबाट प्राप्त विकासको स्तरभन्दा अगाडि फड्को मार्न सकिँदैन। तसर्थ संस्कृत साहित्यको ऐतिहासिक परिप्रेक्ष्यबाट यसको उद्गम, रूप, विकास, स्रष्टा, योगदान र उपलब्धिको यथार्थ अवस्था खुट्याउ सकिने भएकाले प्रस्तुत लेख निम्नलिखित जिज्ञासाको समाधानतर्फ उन्मुख छ।

- संस्कृत साहित्यको ऐतिहासिक विकासमा वैदिक साहित्यिक रूपको विधागत विशिष्टता के के हुन्?

- संस्कृत साहित्यको ऐतिहासिक विकासमा लौकिक साहित्यको विधागत योगदान के कस्तो रहेको छ?

## उद्देश्य

- संस्कृत साहित्यको ऐतिहासिक विकासमा वैदिक साहित्यिक रूपको पहिचान गरी विधागत वैशिट्यको अध्ययन र विश्लेषण गर्नु।

- संस्कृत साहित्यको ऐतिहासिक विकासमा लौकिक साहित्यिक रूपका विभिन्न चरणको पहिचान गरी तिनका विधागत योगदानको अध्ययन र विश्लेषण गर्नु।

## अध्ययनको विधि

प्रस्तुत लेख संस्कृत साहित्यको उद्‌गम, विकास र विधागत योगदानको सङ्क्षिप्तमा सर्वेक्षण गरिएको ऐतिहासिक परिचयात्मक अध्ययन हो । यस लेखमा संस्कृत भाषाको वैदिक एवम् लौकिक साहित्यिक रूपको प्रारम्भ र विकासका क्रममा देखापरेका विभिन्न विधागत विशिष्टता तथा तिनका चरणगत योगदान केकस्तो रहेको छ भन्ने जिज्ञासामा केन्द्रित रही त्यसको समाधानका निम्ति संस्कृत साहित्यको सङ्क्षिप्त परिचयात्मक विवरण प्रस्तुत गर्ने उद्देश्यअनुरूका सूचना र साहित्यिक सामग्रीको सङ्कलन गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्रीको स्रोत संस्कृत साहित्यको इतिहास हो भने द्वितीयक अध्ययन सामग्री संस्कृत साहित्यका विषयमा लेखिएका पुस्तक, समीक्षा, फुटकर लेख र परिचयात्मक ग्रन्थहरू हुन् । उल्लिखित अध्ययन सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिबाट गरिएको हो ।

## अवधारणात्मक आधार

ऐतिहासिकता त्यस्तो वैचारिक तथ्य हो जससँग ऐतिहासिक उद्‌गम र विकासको निश्चित स्रोत हुन्छ । समाजमा इतिहासकै तथ्यका माध्यमबाट विभिन्न अवधारणा, व्यवहार र मूल्यको विकास भइरहेको हुन्छ । खासगरी इतिहासका मान्यता प्राप्त नियामक सूत्रहरू वा सहसम्बन्धित विचार धाराहरू प्राकृत रूपमै उपयोगी भएर विश्वव्यापी अस्तित्त्वमा रहेका हुन्छन् ।

ऐतिहासिकता व्यक्ति र घटनाको ऐतिहासिक वास्तविकता हो जसमा इतिहासको आंशिक गुण रहेको हुन्छ । इतिहासले मिथक, कहानी र आख्यानको विपक्षमा उभिएर ऐतिहासिक तथ्य र वास्तविकताको सङ्केत गर्दछ । यसमा आधिकारिकता र तथ्यात्मकता रहनुका साथै विगतका विषयमा ज्ञानको वास्तविक मूल्यको प्रमाणिकता प्रदान गर्न मद्दत गर्दछ ।

ऐतिहासिकता सबै किसिमका प्राकृतिक पद्धतिको एक आयाम हो जुन निश्चित स्थान र समयमा घटित भएको हुन्छ । यो कुनै विषयको प्राज्ञिक अध्ययन पद्धतिको एउटा विकासशील रूप हो जसअन्तर्गत खास मानवीय क्रियाकलापको शैली, पद्धति र तौरतरिकाको तथ्यपरक अध्ययन हुन्छ । यसमा के विषयमा कहिले, कसले, कुन परम्पराबाट के के गऱ्यो भन्ने पक्षलाई महत्त्वपूर्ण मानिन्छ । (https://en.wikipedia.org/wiki/Historicity)

उल्लिखित अवधारणका आधारमा यस लेखमा सङ्कलित सामग्रीको अध्ययन र विश्लेषण विधि निर्माण गरिएको छ । यस अध्ययनमा समग्र संस्कृत साहित्यलाई वैदिक संस्कृत साहित्यको ऐतिहासिकता र लौकिक संस्कृत साहित्यको ऐतिहासिकताका रूपमा संयोजन गरी प्रस्तुत गरिएको छ । यसरी संयोजन गर्दा पहिलो, वैदिक साहित्यिक रूपको विधागत विशिष्टतालाई अध्ययनको केन्द्रबनाई यसअन्तर्गत वेदहरु, ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्गका विषयमा विमर्शात्मक अध्ययन गरिएको छ । दोस्रो, लौकिक साहित्यको विधागत योगदानलाई केन्द्र बनाई इतिहास-पुराणमूलक आर्ष महाकाव्य, पुराण र अन्य शास्त्र, ललित महाकाव्य, नाटक, आख्यान र गद्यकाव्य एवं संस्कृत काव्यशास्त्रको वर्णनात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा विभिन्न आयाममा फैलिएर रहेको संस्कृत साहित्यको ऐतिहासिकताका सन्दर्भमा स्रष्टाहरूले पुऱ्याएको योगदान र उपलब्धिको विचार विमर्श गरिएको छ । यो लेख ऐतिहासिक विवरणात्मक एवम् विश्लेषणात्मक अध्ययन विधिको उपयोग गरी प्रस्तुत गरिएको संस्कृत साहित्यको सङ्क्षिप्त ऐतिहासिक परिचय हो । यस लेखको अन्त्यमा अध्ययनको निष्कर्ष र सन्दर्भ सामग्रसूची प्रस्तुत गरिएको छ । संस्कृत वाङ्मयको वैदिक तथा लौकिक साहित्यिका विभिन्न विधामा योगदान पुऱ्याउने प्रमुख प्रणेता र उपलब्धिको कालक्रमिक उत्थान र विकासको सर्वेक्षणमूलक विवरण प्रस्तुत गर्नँ यस लेखको सीमा हो ।

## वैदिक साहित्यको विधागत विशिष्टता

पूर्वीय संस्कृत साहित्यमा प्राचीनतम् ग्रन्थका रूपमा वैदिक संहिताहरूलाई चिनाइन्छ। संस्कृत साहित्यको प्रारूप सर्वप्रथम ऋग्वेद संहितामा देखापरेको हो। यस सन्दर्भमा वेदका संहिता, ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्ग वैदिक संस्कृत साहित्यका महत्त्वपूर्ण प्राप्ति हुन्। वैदिक साहित्यअन्तर्गत ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका संहिताहरू उपलब्ध छन्। यीबाहेक ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्ग विषयका ग्रन्थहरू पनि वैदिक साहित्यअन्तर्गत नै पर्दछन्। वैदिक संहिताहरूको निर्माणकालको विषयमा अनेकौं मतमतान्तर रहेका छन्। प्रचीन वैदिक परम्पराअनुसार यी संहिताहरू अपौरुषेय हुन्। यी प्रत्येक कल्पको प्रारम्भमा मानस सृष्टिबाट प्रकट हुन्छ भन्ने विश्वास गरिँदै आएको छ। संभवत संहिता निर्माताको नाम नभेटिएपछि यसलाई अपौरुषेय भनिएको हो। यी संहिता कुनै विशिष्ट पुरुषबाट नै रचना गरिएका हुन्। ऐतिहासिक दृष्टिबाट ऋग्वेदका ऋचाहरूको रचनाकाल इ.पू. १२०० देखि १००० वर्षको समयमा हुनुपर्छ भन्ने म्यक्समुलरको मत रहेको छ (शर्मा, २०५६, पृ. ५६)। सम्पूर्ण वेदका संहिताहरूको निर्माण र सङकलन इ.पू. १०००-३०० का बिच भएको हो भन्ने विचारमा अधिकांश विद्वान्हरूको मतैक्य रहेको छ। उनीहरूले आआफ्नो मतको पुष्टि र प्रमाणित गर्न विभिन्न तर्कवितर्क प्रस्तुत गरेका छन्। वैदिक संहिताहरूमा खास गरी ऋग्वेदमा जुन संस्कृतिको स्वरूप भेटिन्छन् त्यो लगभग इ.पू. १५०० तिर सक्रिय रहेको ठानिन्छ। ब्राह्मणग्रन्थहरू, प्राचीन उपनिषद्हरू र सूत्रग्रन्थहरूको समय इ.पू. १००० देखि २०० सम्म मानिएको छ (वर्मा लगायत, सन् ९८५, पृ. ७१०)। वैदिक संस्कृत साहित्यका विधागत विशिष्टताको चर्चा निम्नलिखित उपशीर्षकहरूमा क्रमशः प्रस्तुत गरिएको छ।

### वेदहरू

वैदिक साहित्यको सबैभन्दा जेठो ग्रन्थ ऋग्वेदलाई मानिएको छ। ऋग्वेद दश मण्डलमा विभाजित छ। यसमा कूल १०२८ सूक्तहरू रहेका छन्। सूक्त भनेको ऋग्वेदका ऋचा हुन्। ऋक्को अर्थ स्तुति गर्नु हो। ऋच्यते स्तुयने अनया इति ऋक् भनेर व्युत्पत्ति गरिएको ऋग्वेदको २१ शाखा भएको उल्लेख भेटिन्छ तापनि हाल यसको एउटै शाखा मात्र उपलब्ध छ (शर्मा, २०५६, पृ. १०)। ऋग्वेद अनुष्टुप्, गायत्री, उष्णिक्, वृहती, पङ्क्ति, त्रिष्टुप् र जगति छन्दहरूमा रचिएका छन्। ऋग्वेदका मन्त्रहरूमा मूलतः देवदेवीका उपासना र स्तुति व्याप्त रहेको पाइन्छ। यसमा पार्थिवदेवता, अन्तरीक्षका देवता, द्युलोकका देवता अदिको स्तुतिपरक मन्त्र छन्। यसमा प्रकृतिको सुन्दर वर्णन गरिएको छ। काव्यात्मक उचाइका दृष्टिले ऋग्वेदको उषःसूक्त र नासदीय सूक्त विशेष उल्लेखनीय रहेका छन्। यी सूक्तहरू भाव र शैली दुवै कोणबाट उत्कृष्ट रहेका छन्। ऋग्वेदमा दर्शन, समाज र नारीका विषयमा उच्च चिन्तन गरिएको छ। यसमा विभिन्न संवाद सूक्तहरू पनि छन्। तसर्थ ऋग्वेदका सूक्तहरू संस्कृत साहित्यको काव्य र नाटक दुवै विधाका बीज हुन्।

वैदिक वाङ्मयको अर्को वेद यजुर्वेद हो। यजुष्को अर्थ पूजा एवं यज्ञ हो। यजति, यजते वा अनेन इति यजुस् भनि व्युत्पत्ति गरिएको छ। यजुर्वेदका शुक्लयजुर्वेद र कृष्णयजुर्वेद गरी दुई शाखा छन् (खनाल, २०६३, पृ. ६)। यीमध्ये शुक्लयजुर्वेदमा चालिस अध्याय एवं कण्व संहिता र वाजसनेय संहिता गरी दुई शाखा रहेका छन्। कृष्णयजुर्वेदमा तैत्तिरीय, मैत्रायणी, काठक र कठ-कपिष्टल चार शाखा रहेका छन्। यजुर्वेदमा ऋग्वेदका अधिकांश श्लोकहरू समाविष्ट छन्। यजुर्वेदका अधिकांश मन्त्रहरू पद्यमा रचिएका छन् भने केही मन्त्रहरू गद्यमा रचिएका छन्। यजुर्वेदका मन्त्रहरूको विनियोग यज्ञ, अनुष्ठान र पूजाको लागि गरिँदै आएको छ। यजुर्वेदका मन्त्रहरूको विषय यज्ञका विधिविधानको सम्पादन गर्नु हो। कुन यज्ञमा कुन मन्त्रको प्रयोग गर्ने भन्ने विधिको उल्लेख यजुर्वेदमा वर्णित छ। शुक्लयजुर्वेदको वाजसनेय शाखाका सम्बन्धमा एउटा अनुश्रुति प्रचलित छ। वैशम्पायन ऋषिले आफ्नो शिष्य याज्ञवल्क्यासँग रूष्ट भएर आफूले दिएका सबै विद्या फिर्ता मागेपछि याज्ञवल्क्य ज्ञानबाट

रित्तिए । त्यसपछि उनले सूर्यको उपासना गरे । सूर्यले वाजी/घोडमा चढेर दिएको उपदेशबाट उनले पुनः वेदको ज्ञानार्जन गरे । उनले यसरी प्राप्त गरेको वेदलाई नै वाजसनेय संहिता भनियो । यसमा विनियोग वाक्य र ब्राह्मणको मिश्रण भएकाले शुक्लयजुर्वेद संहिता नाम राखिएको हो । यज्ञ सम्पादनका निम्ति अध्वर्यु नामका ऋत्विजसँग सम्बद्ध भएकाले यसलाई यजुर्वेद भनिएको हो । यसमा अध्वर्युका लागि वैदिक प्रार्थना मन्त्रहरू सङ्ग्रहित छन् । यो वेद  वैदिक विधिविधान र कर्मकाण्को मुख्य आधार हो (सहाय, २०३०, पृ. ४३७ ।

सामवेद तेस्रो वेद हो । साम शब्दको शाब्दिक अर्थ नाश हो । स्यति, नाशयति विघ्नम् इति अथवा समयति सन्तोषयति वेदान् इति सामः भनेर व्युत्पत्ति गरिएको छ । यस वेदमा ७५ वटा मन्त्र मात्र मौलिक देखिन्छन् (खनाल, २०६३, पृ. ८) । यसमा रहेका धेरै मन्त्रहरू ऋग्वेदबाट ग्रहण गरिएका हुन् । सामवेदका मन्त्रहरूको निर्माण गायनका दृष्टिबाट गरिएको हो । ऋक्, यजुष् र साम तीन वटा वेदलाई वेदत्रयी पनि भनिन्छ । अथर्ववेद चौथो वेद हो । निरुक्तमा उल्लेख भएअनुसार 'थर्व कौटिल्ये' व्युत्पत्ति भएको थर्वधातुको प्रयोग कुटिलता, गतिशीलता, हिंसा आदि अर्थ जनाउन प्रयोग हुन्छ । यसको अगाडि अ थपेर अथर्व बनेपछि यसको अर्थ अकुटिल वृत्तिद्वारा स्थिर चित्त हुने व्यक्तिमा आरोप गरिन्छ । यसैबाट बनेको अथर्वन् शब्दको एउटा अर्थ अग्नि जगाउने पुरोहित हुन्छ भने अर्को अग्नि पूजक यजमान हुन्छ (आचार्य, २००५, पृ. ६) । यसरी यस वेदको अथर्व नाम अग्निबोधक र अग्निपूजक अर्थवन् ऋषिको नामबाट रहेको हो । यसका शौनक र पैपलाद दुई शाखा उपलब्ध छन् । यी दुईमा  शौनक बहुप्रचलित छ । यस वेदमा २० खण्ड रहेका छन् । खण्डलाई काण्ड पनि भनिन्छ । यसमा ३४ प्रपाठक, १११ अनुवाक् ७३१ सूक्त र ५८४९ मन्त्रहरू रहेका छन् (उपाध्याय, सन् १९५८, पृ. ३१) । यस वेदको छवटा भागहरू प्रायः गद्यमा संरचित छन् भने अन्य भागहरू पद्यमा संरचित छन् । विषयका दृष्टिले अथर्ववेद अरू वेदभन्दा निकै भिन्न रहेको छ । यसमा जादू, टुना, वशीकरणका साथै मारण, मोहन, उच्चाटनजस्ता विषयका मन्त्रहरू रहेका छन् । यसबाहेक अथर्ववेदमा राष्ट्रप्रेम र राष्ट्रगायनका सूक्त पनि पाइन्छन् । विद्वान्हरूले अथर्ववेदलाई एउटा भिन्न स्तरको उत्कृष्ट रचना  मानेका छन् । काल र संस्कृतिका दृष्टिले अथर्ववेद ऋग्वेदबाट निकै टाढा रहेको देखिन्छ । यी चार वटै  वेदका संहितामा ऋग्वेद संहिता सर्वप्राचीन मानिन्छ तापनि यसका पहिलो र दशौँ मण्डलका विषयमा आशङ्का रहेको छ ।

## ब्राह्मण, आरण्यक र उपनिषद्

ब्राह्मण ग्रन्थहरू उत्तर वैदिक कालका साहित्यिक नमुना हुन् । यी ग्रन्थहरूमा मूलतः कर्मकाण्डका प्रश्नहरूको समाधान गर्दै कर्मकाण्डीय विचारहरूको सङ्कलन गरिएको छ । वेदका भाष्यकार आपस्तम्ब ऋषिका अनुसार मन्त्र संहिता र ब्राह्मण ग्रन्थ दुवै वेद हुन् किनभने यी दुवै यज्ञका प्रमाण रूप हुन् । उनले मन्त्रब्राहमणो यज्ञस्य प्रमाणम्, मन्त्रब्राहमणात्मको वेदः भनेर वेदमन्त्रहरूको स्थिति ब्राहमणग्रन्थमा निर्भर रहेको बताएका छन् (गैरोला, सन् १९८५, पृ. १०२) । ब्राह्मणग्रन्थहरूबाट नै कुन यज्ञमा कुन मन्त्रको विनियोग गर्नुपर्छ भन्ने विषयको बोध हुन्छ । यी ग्रन्थमा छोटाछोटा कथांशहरू जतातत्तै संग्रहित छन् । यी कथांशहरू कर्मकाण्डीय विचारकै पृष्टपोषक भएर आएका छन् । सबै वेदका ब्राह्मणग्रन्थहरू अलग अलग छन् । ऋग्वेदका दुईवटा ब्राह्मणग्रन्थहरूलाई ऐतरेय र कौशितकी भनिन्छ । शुक्लयजुर्वेदको ब्राह्मणग्रन्थलाई शतपथब्राह्मण भनिन्छ । ब्राह्मणग्रन्थको अन्तिम भागलाई आरण्यक भनिन्छ । यस भागमा गृहस्थाश्रमको कर्मकाण्डभन्दा जङ्गलको एकान्तमा बसेर आध्यात्मिक दृष्टिले जीवनलाई हेर्ने प्रवृत्ति देखापर्छ (वराल लगायत, २०५५, पृ. ८३१) । आरण्यकग्रन्थहरू ब्राह्मण ग्रन्थकै जगमा रचना भएकाले यिनमा ब्राह्मणग्रन्थमा रहेका विषयहरूलाई नै विशद् विस्तार गरिएको छ । आरण्यकग्रन्थ पनि प्रत्येक वेदका अलग अलग छन् । वेद, ब्राहमण र आरण्यक तिनवटै मार्गमा मूलतः कर्मकाण्डका विषयहरू प्रतिपादित छन् । यस दृष्टिले हेर्दा यिनलाई मन्त्रपरक, विधि/नियम परक र अर्थवादपरक भन्न सकिन्छ । यी सबै पूर्वीय दर्शन, ज्ञान-विज्ञान, भाषा-साहित्य र सनात संस्कृतिका अमूल्य विराशद हुन् ।

संस्कृत भाषामा रचिएका र साहित्यिक मूल्य भएका उत्तर वैदिककालका उपनिषद्ग्रन्थहरू आरण्यकहरूसँग सम्बन्धित छन् तापनि विषयका दृष्टिबाट यी सर्वथा भिन्न रहेका छन् । यिनमा कर्मकाण्डको कत्ति पनि आभाष हुँदैन । यिनको मुख्य विषय प्रकृति, ईश्वर र तिनका बिच रहेको सम्बन्धको प्रस्तुति हो । कर्मकाण्डको सम्यक् पालना गर्नाले स्वर्गको प्राप्ति हुन्छ भन्ने विश्वास कर्मकाण्डीय ग्रन्थहरूले प्रस्तुत गरेका छन् भने ईश्वर, जीवजगत् र प्रकृतिको स्वरूप र सम्बन्धको सम्यक् ज्ञानबाट मात्र मुक्ति मिल्दछ र यसैबाट शाश्वत आनन्द मिल्छ भन्ने विचार उपनिषद्ग्रन्थले प्रतिपादित गरेका छन् । यिनै विचारहरूलाई ब्रह्मविद्या भनिएको छ । उपनिषद्ग्रन्थहरूमा प्रयुक्त ईश, जीव, प्रकृतिजस्ता विषय वैदिक संहिताकै विषय र विभाग हुन् । उपनिषद्हरूको जम्मा सङख्या १०८ रहेको छ । तीमध्ये ईशावास्योपनिषद्, कठोपनिषद्, केनोपनिषद्, प्रश्नोपनिषद्, श्वेताश्वर, मण्डुकोपनिषद्, माण्डूकेय, वृहदारण्य, छान्दोग्य, ऐतरेय, तैत्तिरीय र कौशितकीलाई सर्वप्राचीन मानिएको छ (वर्मा लगायत, सन् १९८५, पृ. ७०९) । अन्य उपनिषद्ग्रन्थहरूलाई अपेक्षाकृत अर्वाचीन/पछिल्लो समयको मानिएको छ । यिनमा अल्लोपनिषद् पनि एक हो । यसको नामबाट नै मुगलकालमा निर्माण भएको स्पष्ट हुन्छ । हरेक उपनिषद्को भाष्य भिन्न भिन्न समुदायमा भिन्न प्रकारबाट निर्माण भएको छ । आरण्यकहरूको समापन अंशलाई नै उपनिषद् भनिन्छ तापनि यो वास्तवमा वेदान्त नै हो । सनातन हिन्दु जातिका दार्शनिक ज्ञान चिन्तनका आधारभूत उपनिषद्ग्रन्थहरू वैदिक आध्यात्मिक जीवनदृटि र संस्कृतिका उच्चतम् उपलब्धि हुन् (वराल लगायत, २०५५, पृ. ८३१) । उपनिषद्का तत्त्व र विषयका सम्बम्धमा केही विवादहरू रहेका छन् । उपनिषद्का भाष्यहरूमा तत्त्वगत विवाद देखिए तापनि मानवजातिको ज्ञानात्मक आवश्यकतापूर्तिका दृष्टिबाट यी बराबर उत्कृष्ट साहित्यिक व्याख्यान गरिएका आदि ग्रन्थहरू संसारका अन्य कुनै भाषामा भेटिंदैन ।

## वेदाङ्ग

प्राचीन कालमा अध्ययनको एउटै मात्र विषय वेद हो । त्यस बेला ब्राह्मणहरूको मुख्य कर्तव्य वेदाध्ययन गर्नु हो र वेदसँगै वेदाङ्गको अध्ययनबाट ज्ञानार्जन गर्नु अर्को आवश्यक पाटो मानिन्थ्यो । वेदाङ्ग छ प्रकारका छन् । शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द र ज्योतिष । पाणिनीय शिक्षामा वेदाङ्गको उल्लेख गर्दै छन्दलाई वेदको पाउ, कल्पलाई हात, ज्योतिषलाई आँखा, निरुक्त/भाष्यलाई कान शिक्षालाई नाक र व्याकरणलाई मुख भनी आङ्गिक रूपमा शरीरका अवयवसंस्थानसँग आरोपित गरिएको छ (शर्मा, २०५६, पृ. ५४) । यी सबै वेदाङ्गहरूको बीज ब्राह्मण ग्रन्थमा भेटिन्छ । शिक्षा ध्वनि उच्चारणका प्रकारको निर्देशन हो । यसमा वेदमा रहेका उदात्त, अनुदात्त र स्वरित ध्वनिहरूको विवेचना गरिएको छ । वैदिक छन्दमा स्वर उच्चारणको निकै महत्त्व हुन्छ । स्वरध्वनिको उच्चारणमा विभेद रह्यो भने मन्त्रको अर्थमा फरक पर्न जाने विषय यसमा उल्लेख छ । यो स्पष्ट, शुद्ध र माधुर्य उच्चारण विधिको विधान गरिएको शास्त्र हो । व्याकरण शब्दहरूको व्युत्पत्तिसहित अर्थबोधको विषय हो र यसमा पदहरूको विश्लेषण र सम्यक् ज्ञान उपलब्ध छ । शिक्षा र व्याकरणको प्रारम्भिक ज्ञान प्रतिशाख्यहरूमा भेटिन्छ र प्रत्येक वेदको अलग अलग प्रतिशाख्य छन् । व्याकरणको सबैभन्दा प्रचीन ग्रन्थ पाणिनिको अष्टाध्यायी सूत्र हो । पाणिनि स्वयंले आफ्ना पूर्ववर्ती भागुरि जस्ता व्यकरणकारको उल्लेख गरेका छन् । त्यसबेला व्याकरणकारकै नामबाट नाम रहेको अनेकौं व्याकरण लेखिएको अनुश्रुति भेटिन्छ । ती व्याकरणहरू- ऐन्द्र, चान्द्र, काशकृत्स्न, कौमार, शाकटायन, सारस्वत, चापिसल, शाकल र पाणिनीय हुन् (पाण्डेय, २०६६, पृ. १) । हाल पाणिनीय व्याकरण नै उपलब्ध र प्रचलित छ । पाणिनिको समय इ.पू ३५० मानिएको र उनले नै आफूभन्दा अगाडिका वैयाकरणको नाम लिएकाले इ.पू.चौथो शताब्दीभन्दा पहिले नै भारतीय उपमहाद्वीपमा व्याकरणशास्त्रको अध्ययन गर्ने विशिष्ट परम्परा रहिआएको जानकारी प्राप्त हुन्छ । कल्पमा वैदिक विधिबाट गरिने यज्ञको विधि-विधान र संस्कारगत कर्मकाण्डको विवरण उल्लेख गरिएको छ । कल्प अर्थात् विधिको व्याख्यात्मक वर्णन ब्राह्मणग्रन्थहरूमा गरिएको छ । यसको सम्पूर्ण विषयलाई कल्पसूत्र नामक ग्रन्थमा सङग्रहित गरिएको छ । कल्पसूत्र चार भागमा

विभाजित छ । ती श्रौत्रसूत्र, गृह्यसूत्र, धमसूर्त्र र शुल्वसूत्र हुन् । श्रौत्र सूत्रमा वैदिक यज्ञअनुष्ठानहरूको विधिविधान उल्लेख गरिएको छ । गृह्यसूत्रमा जातकर्म लगायतका सोह्र संस्कारको विधि विधान उल्लेख गरिएको छ । धर्मसूत्रमा नीति, धर्म, रीतिरिवाज र वर्णाश्रमका आचरणहरूको कर्तव्य उल्लेख गरिएको छ । यस्तै शुल्वसूत्रहरूमा यज्ञको वेदी निर्माणसम्बन्धी विषय विधान गरिएको छ । यज्ञको वेदी विधान भन्नाले यज्ञशाला, हवनकुण्ड र रेखीका प्रकारहरूको विधिविधान हुन् (गैरोला, सन् १९८५, पृ. १४१-१५२) ।

निरूक्तमा वैदिक शब्दहरूको धातुमूलक व्युत्पत्ति र तिनका अर्थको विषद् व्याख्या गरिएको छ । यो वैदिक शब्दहरूको व्युत्पत्ति कोश हो । लगभग इ.पू. ८०० को आसपास रचना गरिएको महर्षि यास्कको निरुक्तमा उनले आफ्ना पूर्ववर्ती धेरै निरूक्तकारको उल्लेख गरेका छन् तापनि तिनका ग्रन्थ हाल उपलब्ध छैनन् । निघण्टु वैदिक शब्दकोश हो र यो यास्ककै समय आसपासको हो । यास्कले यसको पनि व्याख्या गरेका छन् । निघन्टु निरुक्तभन्दा भिन्नै वैदिक शब्दकोश हो र हाल यो ग्रन्थ उपलब्ध नभएकाले यसका सम्बन्धमा विशेष विवेचना गरिएको कतै भेटिँदैन (गैरोला, पूर्ववत् पृ. १५६) । छन्दमा वैदिक मन्त्रहरूको प्रकार र पद विभाजनको विवेचना गरिएको छ । अयुर्वेद विषयक निदान सूत्रहरूमा वैदिक छन्दहरूको नाम र लक्षण भेटिन्छ । यसबाहेक आचार्य पिङ्गलको छन्दः सूत्रलाई पनि प्रचीन ग्रन्थ मानिएको छ । यसमा गायत्री, त्रिष्टुप्, जगती, पङ्क्ति आदि वैदिक छन्दको उल्लेख छ तापनि ती छन्दहरूको लक्षणका विषयमा उल्लेख गरिएको भेटिँदैन । यसमा अनुष्टुप् आदि अनेकौं लौकिक छन्दका विषयमा व्यापक उल्लेख रहेको छ । ज्योतिषमा कालसम्बन्धी विषयको मीमांसा गरिएको छ । कुन कालमा कुन धर्म, कुन कर्म र कुन संस्कार गर्ने भन्ने शुभाशुभ मुहूर्तको निर्क्योल ज्योतिष शास्त्रले नै गर्दछ । अर्को अर्थमा ज्योतिषशास्त्रलाई काल विज्ञान पनि भनिन्छ । प्रत्येक यज्ञको पूर्णताका लागि उपयुक्त समयको ज्ञान र चयन हुन आवश्यक छ । त्यो समयको ज्ञान सूर्य, चन्द्रमा, वृहस्पति लगायत अन्य विभिन्न ग्रह र नक्षत्रहरूको गतिको अध्ययनबाट मात्र गर्न सकिन्छ । यिनै विषयको उल्लेख वा सङग्रहण गरिएको ग्रन्थलाई नै ज्योतिषशास्त्र भनिन्छ । दुःखको विषय के हो भने ज्योतिष शास्त्रको कुनै पुरानो ग्रन्थ उपलब्ध छैन । सम्भवतः पश्चिमाहरूले यसको प्रचीन रूप कुनै किसिमबाट हात पारी हालको आणविक थिअरी बनाएका हुन् । यसर्थ वेदाङ्गका सबै विषय सनातनी समाजको ज्ञान, विज्ञान, आचरण, नीति र संस्कृतिको विशिष्ट सामाजिक व्यवस्था हुन् ।

## लौकिक साहित्यको विधागत योगदान

वैदिक साहित्यको लगत्तै पछि पुराणेतिहास कालको महत्त्व रहेको देखिन्छ । वैदिक संस्कृत साहित्यको अनुवर्ती एवं लोकव्यवहारमा प्रचलित व्याकरण सम्मत संस्कृत भाषामा रचना गरिएको संस्कृत साहित्यको लामो परम्परालाई लौकिक संस्कृत साहित्य भनिएको हो । यसअन्तर्गत विभिन्न अठार पुराण, उपपुराण, धर्मसूत्रहरू, स्मृतिग्रन्थहरू, गीता, आयुर्वेद, धनुर्वेद, ज्योतिष, व्याकरण, न्याय, दर्शन आदि सबै पर्दछन् । यसअन्तर्गत आर्ष साहित्यिक उपलब्धिका साथै कलात्मक महाकाव्य, नाटक, गद्याख्यान, गद्यकाव्य, नीतिशास्त्र राजनीतिशास्त्र एवं अर्थशास्त्रका विषयहरू पर्दछन् । उल्लिखित विशुद्ध साहित्यिक विधाबाहेकका अन्य विधामा पनि कवितात्मक अभिव्यक्ति वा सूत्रात्मक अभिव्यक्तिका माध्यमबाट स्रष्टाहरूले कुनै न कुनै रूपमा साहित्यिक मूल्य आरोप गरेको पाइन्छ । लौकिक संस्कृत साहित्यका महत्त्वपूर्ण विधागत योगदान र उपलब्धिलाई निम्नलिखित उपशीर्षकहरूमा क्रमशः प्रस्तुत गरिएको छ ।

## इतिहास-पुराणमूलक आर्ष महाकाव्य

लौकिक संस्कृतमा रचना गरिएका रामायण र महाभारत जस्ता ग्रन्थहरू इतिहास-पुराणको श्रेणीमा पर्दछन् । भाषा र शैलीका दृष्टिले महाभारत रामायणभन्दा पुरानो प्रतीत हुन्छ तापनि रामायणको विषय रामचरित त्रेतायुगको

कथात्मक इतिहास भएकाले रामायणलाई नै जेठो मानिन्छ । महाभारतको विषय कौरव-पाण्डव युद्ध द्वापर युगको कथात्मक इतिहास हो । नैतिकता, भातृत्व, पाविरिक-सामाजिक मर्यादा र आदर्शात्मक मूल्यको ज्वलन्त प्रस्तुति रामायणको विषय रहेको छ भने पूर्वीय ज्ञान-विज्ञान, दर्शन, राजनीति, कुटनीति र समाजको सशक्त प्रस्तुति महाभारतमा रहेको छ । रामायणका रचनाकार बाल्मीकि हुन् र महाभारतका रचनाकार वेदव्यास हुन् । यी दुवै कृति पुराण-इतिहासका रूपमा लौकिक संस्कृतमा लेखिएका भए पनि रचनाकार ऋषिहरू भएकाले यिनलाई आर्ष महाकाव्य भनिन्छ । यी दुई कृति वैदिक संस्कृत तथा नव्य संस्कृतको सन्धिकालीन रचना हुन् ।

रामायण संस्कृत साहित्यको आदि ग्रन्थ हो । यो महर्षि बाल्मीकिको रचना हो । संस्कृत साहित्यमा महाकाव्यलेखनको प्रारम्भ बाल्मीकि रामायणबाट भएको हो । बाल्मिीकिलाई आदिकवि भनिन्छ र रामायण उनको आदि काव्य हो । लौकिक संस्कृत कविताको प्रस्फुटन सर्वप्रथम बाल्मीकिबाटै भएको हो । वाल्मिीकिलाई रामको जीवनका यावत् घटनाको जानकारी थियो तर रामको विषयमा लेख्ने कुरा सुझेको थिएन । एक दिन नारदसँग मर्यादा पुरुषका विषयमा चर्चा हुँदा नारदले रामको चर्चा गरे । यसपछि नै बाल्मीकिको ध्यान रामचरिततर्फ केन्द्रित भएको हो । तमसा नदीको किनारमा आश्रम बनाएर बसेका बाल्मीकि एक दिन नदीतर्फ नुहाउन जाँदै गर्दा एउटा व्याधाले क्रौञ्च पक्षीको भाले चाहिँलाई मारिदियो र पोथी शोक विह्वल हुँदै रुन कराउन थाली । त्यो कारुणिकताले अनायास बाल्मीकिको मुखबाट 'मा निषद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः, यत् क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्' बालकाण्ड २/१५ (शर्मा, २०५६, पृ. ६९) भन्ने आदि श्लोक प्रस्फुटित हुन गयो । यस श्लोकको आशय 'हे व्याधा प्रेममा मग्न कर्‍याङ्कुरुङको जोडामध्ये भाले चाहिँलाई मारिदिइस्, ता यस संसारमा धेरै बाँच्न नपाएस्' भन्ने रहेको छ। यसर्थ संस्कृत साहित्य परम्परामा उनलाई आदिकवि भनिएको हो। यो अनुष्टुप् छन्दमा प्रस्फुटित काव्यांश हो । संस्कृत साहित्य परम्परामा वेदबाट १२ छन्दको रचना सर्वप्रथम वाल्मीकिले नै गरेका हुन् । उनको रामायणमा सात काण्ड रहेका छन् । केही पश्चिमा आलोचकका दृष्टिमा पहिलो बालकाण्ड र अन्तिम उत्तरकाण्ड पछि जोडिएका अंश हुन् । रामकथाको वर्णन गरिएको रामायणमा युद्ध र विजयको वर्णन मात्र नभएर आलङ्कारिक भाषामा मानव जीवन र प्रकृतिको रमणीय चित्रण गरिएको छ (शर्मा, २०५६, पृ. ५८) । रामायण पनि महाभारत जस्तै आख्यानात्मक ग्रन्थ हो । यसको उपजीव्यतामा उत्तरकालीन समयमा अनेकौँ ललित साहित्यिक कृतिहरू रचना भएका छन् । रामकथाको काव्यिक प्रस्तुति रहेको रामायण कारुणिक महाकाव्य हो । यसमा शास्त्रीयछन्द र जनभाषामा मानवीय क्रियाकलापको अपूर्व वर्णन रहेको छ । यसमा प्रकृति, मर्कट र मानव जातिको विशद् वर्णन गरिएको छ । यसका नायक धीरोदात्त राम हुन् । यस ग्रन्थका सातै काण्डमा अनेकौँ सर्गहरू छन् । संस्कृत साहित्यममा रामायणको स्थान उत्तम काव्यका रूपमा रहेको छ ।

महाभारलाई महर्षि वेदव्यासको रचना भनिन्छ। विकासशील महाकाव्यका रूपमा रहेको महाभारत भने कयौं पटक परिवर्द्धन भएको छ। यसका रचनाकार वेदव्यास कुनै एक व्यक्तिको नाम भएर प्राज्ञिक परम्परा हो। त्यसबेला यो व्यास परम्परा एउटा प्राज्ञिक अध्ययन र लेखन गर्ने संस्थाका रूपमा रहेको बुझिन्छ । यो महाकाव्य 'जय', 'भारत' र 'महाभारत' यी तीन नामले प्रसिद्ध छ । महाभारतको मङ्गलाचरण श्लोकबाट यसको मौलिक रूपलाई जय भनिने गरेको रहस्य खुल्छ । पाण्डहरूको विजयको इतिहास मानिने यसको मङ्गलाचरणमा 'नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्, देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत्' भनेर भगवान् नारायण र नररूप अर्जुनको लीला प्रकट गर्ने सरस्वती तथा ती लीला सङ्कलन गर्ने महर्षि वेदव्याससमेतलाई नमस्कार गरेर जयको पाठ गर्नु पर्ने विधान बताइएको छ (शर्मा, २०५६, पृ. ७१) । जयको आकार ८८०० श्लोक संरचनामा निर्मित थियो । जयको विकसित नाम भारत हो । व्यासले आफ्नो शिष्य वैशम्पायनलाई सुनाएको जयको कथालाई वैशम्पायनले जनमेजयको नागयज्ञ सम्पादनका बेला उनका जिज्ञासाहरूको समाधान गर्दै आख्यान थप्ने क्रममा आकार बढेर भारत संहिता बन्यो । पछि शौनक ऋषिले नैमिषारण्यमा बाह्रवर्षे यज्ञको आयोजनागरी नागयज्ञमा सुनेको भारत

कथा पुनः सुन्ने इच्छा प्रकट गरेकाले लोमहर्षण पुत्र सौतिले त्यसमा अनेकौँ उपाख्यानहरू थपेर सुनाए । यस क्रममा हरिवंश पुराण सहितको हाल उपलब्ध एकलाखभन्दा बढी श्लोकसङ्ख्याको आकारगत संरचना भएको महाभारत निर्माण भएको हो (शर्मा, २०५६, पृ. ७२-७३) । अतः महाभारत ग्रन्थ रचनाको लामो व्यसपरम्परा रहेको स्पष्ट हुन्छ ।

यसरी महर्षि वेदव्यासको सबैभन्दा पहिलेको रचनामा धर्मले अधर्ममाथि विजय प्राप्त गरेको कथा हुनाले जय भनेर चिनिन थाल्यो । त्यसपछि यसमा भरतवंशीका चरित्रहरूका साथसाथै अन्य महान् ऋषिहरू तथा चन्द्रवंशी र सूर्यवंशी राजाहरूका उपाख्यानहरूसहित धेरै अन्य धार्मिक उपाख्यानहरू जोड्दै भरतवंशी केन्द्रित भारत निर्माण भयो । पछि देवताहरूले तराजुको एकातिर चारवटा वेदहरूलाई र अर्कातिर भारतग्रन्थलाई राखेर हेर्दा त्यो चारवटै वेदहरूको तुलनामा सबैभन्दा भारी सिद्ध भएको हुादा यस ग्रन्थको महानता दर्शाउादै देवताहरू र ऋषिहरूले महाभारत नाम दिए भनिन्छ । यसको अन्तिम रूप तेस्रो-चौथो शताब्दीमा निर्धारित भएको हुनुपर्छ । (गैरोला, सन् १९८५ पृ. २०९) । महफ्वाद् भारवफ्वच्च महाभारतमुच्यते भनेर यसको महत्ता र गम्भीरता कारण महाभारत भनिएको उल्लेख छ (शर्मा २०५६, पृ. ७३) । यसरी यो महाकाव्य महाभारतका नामले प्रसिद्ध भयो । त्यसैले यसलाई पञ्चम वेद पनि भनिन्छ । महाभारतमा कयौा अंश प्रक्षिप्त छन् । ती संभवतः ईस्वी संवत्भन्दा पछाडि आएर जोडिएका क्षेपक हुन् । महाभारतमा १८ पर्व रहेका छन् । ती पर्वहरूमा अनेकौ आख्यानलाई व्यवस्थित गरिएको छ । ज्ञानविज्ञानका दृष्टिबाट हेर्दा महाभारत त्यस्तो भण्डार हो जहाँ मानवजातिका जिज्ञासा समन गर्ने यावत् सामग्री उपलब्ध छन् । पञ्चमवेद भनिने महाभारतको एक अंश भागवत् गीता हो । गीतामा १८ अध्याय रहेका छन् । यो गीता निश्चय पनि युद्ध भूमिमा सुनाइएको होइन तापनि कृष्णले अर्जुनलाई दिएको उपदेशको सारलाई युद्धभूमिको नाट्य मञ्चनजस्तो गरी सारभूत रूपमा महाभारतकारले यसमा समावेश गरेका छन् । पूर्वीय ज्ञान चिन्तनमा गीतालाई उत्कृष्ट कोटीको दार्शनिक कृति मानिन्छ । यो श्रीकृष्णले युद्धको अवसरमा अर्जुनलाई दिएको उपदेशको ज्ञानात्मक संग्रह हो । यसमा जन्म-मृत्यु, कर्तव्यकर्तव्यबोध, दुःख, वेदना, प्रज्ञा जस्ता विषयमा उपदेश दिईको छ । महाभारतमा नलोपाख्यान, शकुन्तलोपाख्यान, साबित्री कथा आदि जस्ता हजारौा विषय रहेका छन् । यसैका उपजीव्यतामा उत्तरकालमा अनेकौा ललित साहित्यि कृतिहरू रचना भएका छन् ।

## पुराण र अन्य शास्त्र

संस्कृत वाङ्मयमा इतिहास दर्शनका अतिरिक्त पुराण नामबाट अठारवटा र उपपुराणका नामबाट अठारवटा ग्रन्थ रचना गरिएका छन् । पुराणको उद्देश्य र लक्षण सम्बन्धमा भनिएको छ- अष्टादश पुराणेषु व्यासस्या वचनद्वयम्, परोपकारः पुण्याय पापाय परपीडनम् ।...सर्गश्च प्रतिसर्गश्च वंशो मन्वान्तराणि च, वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् (खनाल, २०६३, पृ. १९) । उल्लिखित पद्यका आधारमा व्यासको पुराणको उद्देश्य परोपकार पुण्य र परपीडा पाप हो भन्ने बोध गराउनु रहेको छ । यस्तै पुराणमा सृष्टिको उत्पत्ति, त्यसको संहार, वंशावली, मन्वान्तरको वर्णन र प्रसिद्ध राजवंश (सूर्य/चन्द्र वंश) का राजाहरूको उल्लेख र तिनका चरित्रको वर्णन हुनु यसको लक्षण हो । पुराणका अनेकौँ कथाहरूमा भारत वर्षको मौर्य, शुंग आदि राजवंशको वर्णन गरिएका धेरै सामग्री उपलब्ध छन् । कतिपय पुराणहरूमा ज्योतिष, शरीरविज्ञान, अलङ्कारशास्त्र, व्याकरण आदि विषयसमेत उल्लेख गरिएको पाइन्छ । पुराणहरूको प्रस्तुति शैली वर्णनात्मक छ तापनि भागवतजस्ता केही पुराणहरूमा जतातत‍ै उत्तम काव्यको शैली देख्न सकिन्छ ।

यी पुराणहरूको रचना अलग अलग समयमा भएको अनुमान गरिन्छ । यिनका केही सामग्री निकै पुरानो प्रतीत हुन्छ । पुराणहरूको निर्माण काल इशाको दोस्रो-तेस्रो शताब्दीदेखि आठौँ-नवौँ शताब्दीसम्म रहेको मानिन्छ (वर्मा लगायत, सन् १९८५, पृ. ७१२) । पुराणका लेखक व्यासलाई मानिएको छ । पुराण सम्भवतः यिनको रेखदेख,

निर्देशन र संस्थागत प्रयासमा लेखन तथा सङ्कलन गरिएको हो । पछि सबै पुराण यिनकै नामबाट प्रचलित हुनथाल्यो । व्यासले निर्माण गरेका अठार पुराणहरू अतिरिक्त अन्य अठार उपपुराण पनि उपलब्ध छन् । यी उपपुराणको लेखक र सङ्कलन पनि व्यास परम्पराबाटै भएको हो । पुराण साहित्यको महत्त्व तिनमा सङ्कलित सामग्रीका कारणबाट नै भएको हो । पुराणको उपयोग भारतवर्षको इतिहास, भूगोल, पुरातत्त्व, सभ्यता र संस्कृति आदिको अध्ययनका लागि गरिएको पाइन्छ । तर पनि यिनमा उपलब्ध केही सामग्री भ्रमपूर्ण रहेको विद्वान्हरूको धारणा रहिआएको छ ।

दर्शनशास्त्रका मूलतत्त्वहरूको बीज हामी वैदिक संहिताहरूमा पाउँछौ । उत्तरकालीन वैदिक साहित्यहरूमा यसको विशेषस्थान रहेको छ । पूर्वीय दर्शन मुख्यतया आस्तिक र नास्तिक दुई भागमा विभक्त छ । सामान्यतया ईश्वर मान्ने दर्शन आस्तिक र नमान्ने दर्शन नास्तिक हो । पाणिनिका अनुसार परलोकको सत्तामा विश्वास नगर्ने दर्शन नास्तिक हो (उपध्याय, सन् १९७९, पृ. २२) सांख्य, योग, वैशेषिक, न्याय, मीमांश र वेदान्त यी छवटा आस्तिक दर्शन हुन् । यिनका सूत्रग्रन्थहरू उपलब्ध छन् भने सूत्रका वार्तिक, भाष्य, टीका र व्याख्या/विवेचनाहरू प्रशस्त मात्रामा उपलब्ध छन् । यिनका अतिरिक्त संस्कृतमा जैन र बौद्ध दर्शनका पनि धेरै ग्रन्थहरू उपलब्ध छन् । संस्कृत परम्परामा चार्वाक दर्शन पनि प्रसिद्ध मानिन्छ । यिनै बौद्ध, जैन र चार्वाक् दर्शनलई नास्तिक दर्शन भनिन्छ । यिनै आस्तिक तथा नास्तिक दर्शनका आधारमा पूर्वीय परम्परामा अनेक धार्मिक मतमतान्तरका सम्प्रदायको अस्तित्त्व रहेको छ ।

संस्कृत वाङ्मयमा वेद एवं वेदाङ्गका अतिरिक्त चार उपवेद पनि रहेका छन् । ती आयुर्वेद, गन्धर्ववेद, धनुर्वेद र अर्थवेद हुन् । आयुर्वेद औषधी विज्ञान हो । आयुर्वेदको सर्वप्रचीन ग्रन्थहरू सुश्रुतसंहिता र चरकसंहिता हुन् । सुश्रुतसंहिताका उपद्रेष्टा काशिराज धन्वन्तरि हुन् । नागार्जुनलाई यसको प्रतिसंस्कार्त मानिएको छ । यसमा १२० अध्याय रहेका छन् (सहाय, २०३०, पृ. ६५९) । चरकसंहितामा रोग, रोगको लक्षण, त्यसको औषधि र निदान प्रक्रिया उल्लेख छ भने सुश्रुतसंहितामा शल्यचिकित्साको विषय उल्लेख छ । आयुर्वेदको अध्ययन परम्परा भारत र भारतीय उपमहादेशमा प्रचलित निकै पुरानो परिपाटी हो । कनिष्कका राजवैद्य चरकको समय इशाको पहिलो शताब्दी आसपास मनिएको छ । यी चरकसंहिताको प्रतिसंस्कर्ता हुन् । कृष्णयजुर्वेद सम्बद्ध व्यक्तिलाई चरक भनिन्छ (सहाय, २०३० पृ.१७१) । गन्धर्ववेदको बीज सामवेदमा नै उपलब्ध छ । भरतमुनिको नाटचशास्त्रमा यसको विशेष विवरण भेटिन्छ, जग्राह पाठ्यमृग्वेदात्सामभ्यो गीतमेवच, यजुर्वेदादभिनयान् रसा नाथर्वणादपि नाट्यशास्त्र १/१७ (शास्त्री, सन् १९७१, पृ. ५६) । धनुर्वेदको कुनै प्रचीन ग्रन्थ उपलब्ध छैनन् । अर्थवेदमा आधारित सबैभन्दा पुरानो ग्रन्थ कौटल्यको अर्थशास्त्र हो । आचार्य कौटल्य र चाणक्य एकै व्यक्ति हुन् भन्नेमा विद्वान्को एउटै निष्कर्ष रहेको छ । कौटल्यको अर्थशास्त्रमा राज्यप्रबन्ध, राजनीति, समाजको आर्थिक सङगठन आदि सबै विषय सम्मिलित छन् । संस्कृतमा धर्मग्रन्थका अतिरिक्त स्मृतिग्रन्थहरू पनि छन् । स्मृतिग्रन्थहरूमा सबैभन्दा पुरानो ग्रन्थ मनुस्मृति हो । यो कुनै धर्म सूत्रको (मानव धर्मसूत्रको) बृहत् संस्करण भएको अनुमान गर्न सकिन्छ । यसको रचना इशाको दोस्रे-तेस्रो शताब्दी मानिएको छ । यस अतिरिक्त याज्ञवल्क्यस्मृति, नारदस्मृति र पारशरस्मृति प्रसिद्ध धर्मग्रन्थ हुन् । वैदिक शब्दहरूको शब्दकोशलाई निघण्टु भनिन्छ । निघण्टुको व्याख्या निरूक्तमा गरिएको छ । यसै परम्परामा आधारित रहेर लौकिक संस्कृत भाषाको पनि कोष निर्माण भएको छ । संस्कृत भाषाको उपलब्ध कोषग्रन्थहरूमा सबैभन्दा पुरानो ग्रन्थ अमरसिंह बाँडाको 'अमरकोश'लाई मानिएको छ । अमरकोशको रचना/निर्माणकाल ईशाको चौथो-पाँचौं शताब्दी मानिएको छ । यसपछि अन्य धेरै कोशग्रन्थहरू निर्माण भएका छन् (वर्मा लगायत, सन् १९८५, पृ ७१२) । यसरी संस्कृत साहित्यको एउटा छुट्टै रूप पुराण र अन्यशास्त्रहरूमा समेत उपलब्ध छ ।

## ललित महाकाव्य

पूर्वीय साहित्यमा आर्ष महाकाव्य कालपछि ललित महाकाव्य परम्परा सुरु हुन्छ । यस परम्परालाई कलात्मक महाकाव्य परम्परा पनि भनिन्छ । यस परम्परामा सर्वप्रथम महाकवि पाणिनि देखापर्छन् । संस्कृत साहित्यको इतिहासमा पाणिनि, अश्वघोष र कालिदासलाई कलात्मक सुकुमार मार्गका महाकवि मानिएको छ । वैयाकरण पाणिनि महाकविका रूपमा पनि परिचित छन् । यिनले जाम्बवती-परिणय र पाताल-विजय नामका दुई महाकाव्य रचना गरेको उल्लेख भेटिन्छ (वराल लगायत, २०५५, पृ. ८३७) । यी दुई अलग महाकाव्य भनिए पनि कतै कतै जाम्बवती विजयलाई नै पाताल-विजय भनिएको पाइन्छ । यसमा १८ सर्ग रहेको चर्चा गरिएको छ तापनि हाल यो महाकाव्य उपलब्ध छैन । ए.बी. कीथका अनुसार पाणिनिको समय इशाको तेस्रो-चौथो शताब्दी हो (शर्मा, २०५६, पृ.९६) । महाकवि अश्वघोषलाई कालिदासको पूर्ववर्ती मानिएको छ । यिनी इशाको प्रथम शताब्दीका कवि हुन् । ब्राह्मण कुलमा जन्मिएका अश्वघोष जीवनको उत्तरार्धमा बौद्धभिक्षु भएका हुन् । अश्वघोष विरचित दुई महाकाव्य बुद्धचरित र सौन्दरानन्द देखापर्छन् । बुद्धचरितमा बुद्धको बाल्यकाल, राजदरबाको शोभा, वन-उपवन र बगैँचाको शोभा, विभिन्न स्तरका मानवसँग बुद्धको जम्काभेट, वनप्रस्थान आदि घटनाको संयोजन गरिएको छ । यो महाकाव्य कथ्य र आन्तरिक संरचनाका दृष्टिले रामायणपछिको उत्कृट कलात्मक महाकाव्य हो (शर्मा, २०५६ पृ. ९९) । सौन्दरानन्दमा बुद्धका सौतेनी भाइ सुन्दरानन्दको जीवन चित्रण गरिएको छ । सुरुमा भोग विलासमा  लिप्त उनी पनि पछि बौद्धभिक्षु भएका थिए । महाकवि अश्वघोष बौद्धमताबलम्बी धार्मिक सम्प्रदायको सीमित घेराबाट बाहिर आउन नसकेकाले सबैका निम्ति त्यति समादृत हुन सकेनन् ।

संस्कृत महाकाव्य परम्परामा अश्वघोषपछि महाकवि कालिदासको उदय हुन्छ । कालिदास कलात्मक महाकाव्य परम्पराका विशिष्ट प्रतिभा हुन् । महाकवि कालिदासको जन्म, कुल, गोत्र आदि विषय अहिलेसम्म पनि रहस्यमै रहेको छ । उनको जीवन कालका विषयमा विभिन्न मतमतान्तर भए पनि अधिकांश विद्वान्हरूले इशाको चौथो शदाब्दीलाई यिनको जीवन काल मानेका छन् । इशाको ४७२ तिरको एउटा शिलालेखमा कालिदासको नाम अङ्कित हुनु र उनको कुमार सम्भवमा तेस्रो शताब्दीमा रचना भएको वात्स्यायनको कामसूत्रको प्रभाव देखिनुबाट यिनी चौथो शताब्दीका हुन् भन्ने तर्कलाई प्रमाणित गरेको छ (शर्मा, २०५६, पृ.१०१) । महाकवि कालिदासलाई भारतीय र पश्चिमा विद्वान्हरूले उज्जैन निवासी मानेका छन् तापनि कुमारसम्भवको मङ्गलाचरणमा पूर्वपश्चिम फैलिएर रहेको हिमालय शृङ्खलाको सुन्दर वर्णन गरेको र त्यस्तो हिमशृङ्खला नेपालबाट मात्रै देख्न सकिने भएकाले महाकवि कालिदास नेपाल आसपासकै हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । महाकवि कालिदास रचित दुई महाकाव्य रघुवंश र कुमारसम्भव हुन् । उनले ऋतुसंहार र मेघदूत दुईटा खण्डकाव्य पनि रचना गरेका छन् । उनका यी महाकाव्य र खण्डकाव्य सुकुमार, कलात्मक र स्वच्छन्दतावादी भावधाराका काव्यकृति हुन् । कलात्मक महाकाव्यको बेजोड नमुना मानिने उनका महाकाव्य कालजयी भएर रहेका छन् । उनी उपमा अलङ्कार प्रयोगका सिद्धहस्त कवि हुन् । कालिदास जीवनको प्रारम्भ अर्थात् १८ वर्षसम्म अशिक्षित भट्टाचार्य नै रहे । जैन विद्वान् मेरुतुङ्गाचार्यका अनुसार उनी अवन्ती राजा विक्रमादित्यका जुवाइँ हुन् । विक्रमादित्यकी छोरी 'प्रियङ्गुमञ्जरी' विदुषी थिइन् । पढेर विदुषी भएपछि उनी आफ्नै आचार्य वररुचिसँग ठट्टा गर्न थालेकीले आचार्य वररुचि रिसाएर एउटा महामूर्ख गोठालोसँग विवाह गराइदिएका हुन् भनिन्छ (अधिकारी, २०५०, पृ. २१) । यिनै विदुषी राजकुमारी प्रियङ्गुमञ्जरीलाई विद्यावती/विद्योत्तमा पनि भनिथ्यो । कालिदास र विद्योत्तमा एकसाथ रहास्दाबस्दा लोग्नेको मूर्खता पहिचान गरेकी विद्यावतीले कालिदासलाई घरबाट निकालिदिइन् । घरबाट निकालिएका कालिदास कालीको कुनै प्रसिद्ध मन्दिरमा पुगेर कठोर तपस्या गर्दा काली प्रसन्न भई विद्वत्ताको आशीर्वाद प्राप्त गरे । कालीको उपासनाबाट अन्तर्दृष्टियुक्त कालिदास विद्वान् भए । त्यसपछि घर आएर पत्नीलाई ढोका खोलाउन 'कपाटं देहि' भन्दा विद्वोत्तमाले 'अस्ति कश्चित् वाग्विशेष ?' भनी प्रश्न गरेकीले ती तीन वटा शब्द

पकडी कुमारसम्भव, मेघदूत र रघुवंश तीन काव्य रचना गरे भनिन्छ (खनाल, २०६३, पृ.३८) । यी तीन काव्यमध्ये मेघदूत चाहिँ खण्डकाव्य हो । यिनको अर्को प्रकृतिमूलक कोशकाव्य ऋतुसंहार पनि खण्डकाव्य नै हो । यिनका कुमारसम्भव, मेघदूत र रघुवंश काव्यलाई वृहत्त्रयी पनि भनिन्छ ।

कालिदासपछिका अर्का महत्त्वपूर्ण संस्कृत महाकवि भारवी हुन् । इशाको छैटौँ शताब्दीमा दक्षिण भारतमा यिनको जन्म भएको हो । पाणिनि, अश्वघोष र कालिदासले अबलम्बन गर्दै आएको कलात्मक सुकुमार मार्गलाई त्याग्दै यिनले विचित्रमार्गी काव्य लेखनको सुरुआत गरे । किरातार्जुनीयम् महाकाव्यका लेखक भारवि आलङ्कारिकता, क्लिष्टता र बौद्धिकताका सिद्धहस्त कवि मानिन्छन् । यिनका महाकाव्यको शब्द शब्दमा अर्थगौरव रहन्छ । यिनी राजा विष्णुवर्माका दरबारीया पण्डित थिए भनिन्छ । यिनको किरातार्जुनीय महाकाव्यमा अत्यन्तै सुन्दर र शाश्वत सूक्तिहरूको संयोजन गरिएको छ । यिनको विचित्र मार्गी काव्यलेखनले कविताको भापक्षलाई उपेक्षा गरेको र शब्द चमत्कारलाई प्रश्रय दिएको पाइन्छ । अर्थगाम्भीर्य यिनको महत्त्वपूर्ण काव्यात्मक विशेषता हो । (शर्मा, २०५६, पृ. ११७) यिनको किरातार्जुनीम् महाकाव्यमा नीतिशास्त्र, कामशास्त्र र राजनीतिको समेत प्रभाव रहेको देखिन्छ । यो महाकाव्य महाभारतका पाण्डवहरूको कथामा निर्मित छ । यस काव्यमा अर्जुनले महादेवको तपस्या गरी किरात रूप महादेवसँग पाशुपतास्त्र प्राप्त गरेको कथा वर्णन छ । यस महाकाव्यका नायक मध्यम पाण्डव अर्जुन हुन् ।

महाकवि भारविका अनुवर्ती अर्का महाकवि भट्टिको पनि उल्लेख भेटिन्छ । उनले भट्टिकाव्य रचना गरेका छन् । भट्टिकाव्यको रचना सौराष्ट्रका राजा श्रीधरसेको समयमा गरिएको भनिन्छ । भट्टिकाव्यलाई रावणवध भनिएको पनि पाइन्छ (गैरोला, सन् १९८५, पृ. ७३०) महाकवि भट्टिपछि अर्का महाकवि कुमारदासको उल्लेख भेटिन्छ । यिनले पच्चिस सर्गमा विभाजित जानकीहरण महाकाव्य रचना गरेका थिए । यसपछि देखापरेका अर्का सशक्त कविहरू माघ सातौं शताब्दी र श्रीहर्ष बाह्रौं शताब्दी हुन् (वराल लगायत, २०५५, पृ. ८३९) । महाकवि माघको महाकाव्य शिशुपालवध हो । श्रीकृष्णद्वारा शिशुपालको वध गरिएको कथाविन्यास भएको यो महाकाव्य उपमा, अर्थगौरव र पदलालित्य तीन वटै गुणले सम्पन्न छ । यो महाकाव्य २० सर्गमा संरचित छ । माघ विचित्रमार्गी भारविका अनुयायी मानिन्छन् । उनको उत्कृष्टताका विषयमा तावत् भा भावेर्भाति यावन्माघस्यानोदयः, भनेर भारविको ओज माघको उदय नहुादासम्म मात्र रहेको उल्लेख छ (शर्मा, २०५६ पृ. ११५) । माघपछिका अर्का महाकवि श्रीहर्ष हुन् । यिनी इशाको बाह्रौं शताब्दीको उत्तरार्धमा देखापरेका सशक्त कवि हुन् । यी पनि विचित्रमार्गी काव्यधारकै कवि हुन् । यिनी संस्कृत साहित्यको महाकाव्य परम्पराका विशिष्ट कविहरूमध्ये सबैभन्दा पछिल्ला महाकवि मानिन्छन् । श्रीहर्षपछि उत्कृष्ट संस्कृत महाकाव्य लेखनले विश्राम लिएको देखिन्छ । श्रीहर्षको नैषधीयचरित महाकाव्य ललित साहित्यको सर्वोत्तम कृति हो । राजा विजयेन्द्रका सभापण्डित श्रीहर्ष अत्यन्तै तार्किक र तीक्ष्ण थिए । यिनी साहित्यशास्त्र, व्याकरण, कामशास्त्र र नीतिशास्त्रका प्रखर ज्ञाता थिए । (शर्मा, २०५६ पृ. १३५) । श्रीहर्षपछि संस्कृतको राघवपाण्डवीयम् महाकाव्य र संस्कृत महाकाव्यीय आदर्शमा उभिएर प्रकृत महाकाव्य पनि रचिएका छन् । प्रवर सेनको सेतुबन्ध र वाक्पतिको गौडबध प्राकृत भाषाका प्रसिद्ध महाकाव्य हुन् (वर्मा लगायत सन् १९८५, पृ ७१०) । यसरी संस्कृत महाकाव्य परम्परा पाणिनि, अश्वघोष, कालिदा, भारवि, माघ र श्रीहर्षजस्ता महाकविद्वारा मण्डित रहेको पाइन्छ ।

संस्कृत साहित्यको खण्डकाव्य विधा अर्को महत्त्वपूर्ण पाटो हो । महाकाव्यकै जस्तो विषयात्मक प्रस्तुति रहने खण्डकाव्य जीवनको एकदेशीय वर्णनमा सीमित हुन्छ । यसमा नायकको सम्पूर्ण जीवन चरित्रको चित्रण हुँदैन । यसमा नायकको जीवनसम्बद्ध कुनै अंशलाई मात्र ग्रहण गरिएको हुन्छ । संस्कृत खण्डकाव्यहरूमा सबैभन्दा पहिलो ग्रन्थ कालिदास रचित ऋतुसंहार र मेघदूत हो । कालिदासको ऋतुसंहारमा ऋतुमा हुने परिर्तनबाट मानव जीवनमा पर्न जाने समयानुकूल प्रभावलाई शृङ्गारिक दृष्टिबाट वर्णन गरिएको छ । मेघदूतमा श्रापग्रस्त एक यक्षले अलकास्थित आफ्नी प्रेयसीलाई मेघको माध्यमबाट सन्देश पठाएको विप्रलम्व वर्णन छ । यी दुवै

खण्डकाव्य कलिदासको अभूतपूर्व कल्पनाको उपज हुन् । ऋतुसंहारमा उपजाति, मालिनी, उपेन्द्रवज्रा, इन्द्रवज्रा, शार्दूलविक्रीडित अदि छन्दको प्रयोग भएको छ । यसमा छ ऋतुका छ सर्ग छन् । यो गीतिकाव्यको शृङ्गारकाव्य नामक एउटा भेद हो (गैरोला, सन् १९८५, पृ. ८९८) कालिदासको मेघदूतमा मन्दाक्रन्ता छन्दको प्रयोग गरी प्रकृति र मानवीय भावहरूको सुन्दर वर्णन गरिएको छ । यसको आकार सयवटा पद्यहरूमा संरचित छ । यस कृतिको सङक्षिप्त आकारभित्र कालिदासले यति धेरै काव्यसौन्दर्य भरेका छन् कि उनका अरू कुनै कृति उपलब्ध नहुँदा हुन् तापनि उनलाई संसारकै सर्वश्रेष्ठ कविमा गणना गर्न सम्भव थियो । मेघदूतकै आदर्शमा अन्य दूतकाव्यहरू जस्तै, धोयी कविको पवनदूत र वेदान्तदेशिकको हंसदूत रचना भएका छन् । संस्कृतमा अन्य धेरै खण्डकाव्य उपलब्ध छन् । संस्कृतमा लेखिएका अन्य खण्डकाव्यमा शृङगारतिलक, षटकर्परकाव्य, अमरुकशतक, भर्तृहरिशतक, योगिनीविलास, आर्यासप्तति, गीतगोविन्द आदि उल्लेख्य रहेका छन् (वर्मा लगायत, सन् १९८५, पृ. ७११) । यसरी संस्कृत साहित्यको खण्डकाव्य लेखन परम्परा अगाडि बढेको देखिन्छ तापनि हाल यो परम्परा शिथिल रहेको छ ।

### नाटक, आख्यान र गद्यकाव्य

संस्कृत साहित्यमा नाटक विधालाई चक्षुयज्ञ भनिन्छ । विघ्ननिवारणका निम्ति नाटकको सुरुमा नान्दीपाठ संस्कृत नाट्यपरम्पराको एउटा विशेषता हो । इष्टदेवताको बन्दना गरे लगत्तै प्रस्तावनामा सूत्रधार/निर्देशक र नटी/नायिकाबिच संवादको माध्यमबाट रोचक ढङ्गले पात्रको प्रवेश गराइन्छ । मञ्चलाई यवनिका/पर्दाले दर्शक दीर्घाबाट अलग गराइएको हुन्छ । इशाको प्रथम शताब्दीतिरका आचार्य भरतले रचना गरेको नाटचशास्त्रलाई संस्कृत साहित्यको नाटक विधासँग सम्बन्धित पहिलो सैद्धान्तिक कृति मानिन्छ (वराल लगायत, २०५५, पृ. ८४१) । केही विद्वानहरूले नाट्यशास्त्रको भाषाशैली आदिको दृष्टिबाट हेर्दा इशाको तेस्रो शताब्दीतिर रचना भएको हुन सक्ने बताएका छन् । उनको समय विक्रमपूर्व ५०० इ. देखि एक सय इ. सम्म मनिएको छ (सहाय, २०३०, पृ. १३०) । उनले जनसाधारणको उपकारका लागि नाटचवेद रचना गरेका हुन् । उनले पूर्वाचार्यहरूद्वारा रचित केही नाटकको प्रकृतिका आधारमा नै नाट्यसिद्धान्त निर्माण गरेका हुन् भनिन्छ । नाटचसाहित्यको प्रारूपको सिर्जना प्रयास सर्वप्रथम पतञ्जलिको महाभाष्यमा प्राप्त हुन्छ । उनको समय इ.पूं १५० मानिएको छ (सहाय, २०३० पृ. २६८) । हाल उपलब्ध नाट्चसाहित्यमा अश्वघोषको शारद्वती-पुत्र-प्रकरण (सारिपुत्त प्रकरण) पूर्वीय सिद्धान्तमा लेखिएको छ । यो प्राकृत भाषमा रचिएको नाटक हो । नाटककार भासलाई संस्कृत नाटकको प्रथम प्रयोक्ता मानिएको छ । भास कलात्मक नाट्यधाराको थालनी गर्ने प्रथम नाटककार हुन् । यिनले दूतवाक्य, कर्णभार, मध्यम-व्ययोग, दूतघटोत्कच, उरुभङ्ग, प्रतिमा, स्वप्नवासवदत्त, चारुदत्त, अविमारक आदि नाटक रचना गरेका छन् । यिनका कृतिमध्ये स्वप्नवासवदत्तको एक संस्करणमा स्वप्ननाटक' नाम लेखिएको उल्लेख भेटिन्छ । यसका साथै प्रतिज्ञायौगन्धरायणलाई गणपति शास्त्री नामक भरतीय विद्वान्ले भासकै नाटक भनेका छन् (गैरोला, सन् १९८५, पृ. ६८०) । भास पूर्णाङ्की नाटकका साथै एकाङ्की नाटक रचना गर्ने प्रथम नाटककार हुन् । संस्कृत नाट्यपरम्पारामा नाटक सुखान्त मात्र हुन्छ । यिनको उरुभङ्ग दुःखान्त नाटक हो । यसर्थ भास दुःखान्त चेतनाका नाटककार पनि हुन् । यिनको प्रतिमा नाटकमा पनि सुरुमै राजा दशरथको मृत्युको घटना घटाइएको छ (वराल लगायत, २०५५, पृ. ८४१) । तसर्थ यिनमा दुःखान्त चेतनाको अभिव्यक्ति क्षमता रहेको देखिन्छ ।

संस्कृतका अर्का नाटककार कालिदास हुन् । कालिदास संस्कृतका सर्वश्रेष्ठ कवि एवं सर्वश्रेष्ठ नाटककार पनि हुन् । उनका तीनवटा नाटचग्रन्थ अभिज्ञानशाकुन्तलम्, विक्रमोर्वशीय र मालविकाग्निमित्रम् संस्कृतका कलात्मक नाटचकृति हुन् । कालिदासको समयावधिका विषयमा मतभेद रहेको छ । तर पनि अधिकांश विद्वान्ले यिनलाई चन्द्रगुप्त द्वितीयका समकालीन मानेका छन् । कालिदासले भास, अश्वघोष, सौमिल्ल, कविपुत्रजस्ता नाटचकारहरूको नाम उल्लेख गरेबाट ती उनका पूर्ववर्ती वा समकालीन हुन् । कालिदासको अभिज्ञानशाकुन्तल विश्वप्रसिद्ध नाट्यकृति हो । हिटलरका परममित्र ओ.एन.पिपिरविरुद्ध उनका अन्य सल्लाहकारले पिपिरले टिलरविरुद्ध

काम गरिरहेका छन् भनी कान भरेकाले हिटलरले पिपिरलाई जेल हलिदिएको र तीन महिनापछि पिपिर निर्दोष साबित भएकाले जेलमुक्त गर्ने हेतुले हिटलर जेलमै गएर केही माग भन्दा उनले जेलमुक्त हुने कुराभन्दा पनि जेलभित्र खालि ठाउँमा एउटा खरको छाप्रो, केराको बगैंचा, तेलको बत्ती बाल्ने दीयो र अभिज्ञान शाकुन्तलको जर्मनी अनुवाद वा संस्कृत मूल नै भए पनि व्यवस्था गरिदिन अनुरोध गरेको उल्लेख छ (कोइराला, २०५५, पृ. ३०) । यसर्थ ओ. एन्. पिपिरले समेत अत्यन्तै रुचाएको कालिदासको यो कृति विश्वप्रसिद्ध नाट्यकृति हो । अभिज्ञान शाकुन्तल मात्र नभएर उनका अरू दुवै नाटक उत्तिकै सशक्त छन् ।

कालिदासपछिका अर्को नाटककार शूद्रक हुन् । यिनलाई इन्द्राणीगुप्त पनि भनिन्छ । शूद्रकलाई इशाको छैठौं शताब्दीभन्दा पूर्वको मानिन्छ । उनको प्रसिद्ध नाट्यग्रन्थ मृच्छकटिक हो । शैलीका दृष्टिबाट हेर्दा नाटककार शूद्रकको मृच्छकटिकलाई पुरानो रूपकग्रन्थ मान्न सकिन्छ । यस नाटकलाई दश अङ्कमा व्यवस्थित गरिएको छ । यस नाटकमा शरीर राजनीतिको प्रयोग भएको छ । प्रेममा धनको तुच्छता ठानिने विषय यसकी नायिका वसन्तसेनाले प्रमाणित गरेकी छे । उसकी आमाले सर्वश्रेष्ठ धनी पुरुषसँग विवाह गरिदिने विचार गरेकी भए तापनि वसन्तसेनाले गरिब चारुदत्तसँग  विवाह गरेकी छे । यस नाटकको रचना कालिदासभन्दा केही पछि भएको मानिन्छ ।

यसपछि संस्कृत नाट्यविधामा भवभूति, श्रीहर्ष र विशाखादत्त तीनजना नाटककारहरू शास्त्रीय नाट्यधाराको प्रयोक्ता भएर देखापर्छन् । भवभूतिका मालतीमाधव, महावीरचरित र उत्तररामचरित गरी तीनवटा नाट्यकृति उपलब्ध छन् । भवभूतिले उत्तररामचरितको तेस्रो अङ्कको ४७ औं श्लोकमा 'एको रसः करुण एव निमित्तभेदात्' भनेर करुण रसलाई मुख्यरस मान्दै अरू रसहरू करुण रसकै निमित्त भेद हुन् भनेका छन् (शर्मा, २०५६ पृ. १७०) । उनको मालतीमाधवलाई प्रकरण नाटक भनिन्छ । प्रकरण नाटकमा राजा र रजकुल इतर नायक र सामान्य स्त्रीलाई नायिका बनाइएको हुन्छ । भवभूति राजा यशोवर्माको समय कालीन नाटककार हुन् । भवभूति पछिका अर्को नाटककार श्रीहर्ष इशाको सातौँ शताब्दीका नाटककार हुन् । यिनका प्रियदर्शिका, रत्नावली र नागानन्द तीन वटा नाटक उपलब्ध छन् । श्रीहर्ष उत्तरवर्ती शास्त्रीयधाराका विशिष्ट प्रतिभा हुन् । श्रीहर्ष महाराज हर्षवर्धनकै नाउँ हो । श्रीहर्षपछि विशाखादत्तले मुद्राराक्षस, देवीचन्द्रगुप्त र राघवानन्द नामका नाटकहरू रचना गरेका छन् । यीबाहेक भट्टनारायणको वेणीसंहार, मुरारिको अनर्घराघव, जयदेवको प्रसन्नराघवजस्ता नाटचकृतिहरू संस्कृतका प्रतिनिधि नाटक हुन् । उल्लिखित नाटचकृतिका साथै संस्कृतमा प्रमोदचन्द्रोदय, रूपकात्मक नाटक र धर्मशर्माभ्युदय छाया नाटक पनि उपलब्ध छन् । हनुमान्नाटक नामको प्रसिद्ध ग्रन्थ हाल उपलब्ध छैन । त्यो नाटक नभएर अन्यविधा भएको बताइन्छ । संस्कृतकै आदर्शमा उभिएर प्राकृत र पाली भाषामा पनि नाटचकृति रचना गरिएका छन् । राजशेखरको कर्पूरमञ्जरी प्राकृत भाषाको नाटचकृति हो (वर्मा लगायत, सन् १९८५, पृ.७११) ।

संस्कृत साहित्यमा आख्यान विधा अत्यन्तै प्राचीन मानिन्छ । यस विधालाई कथा र आख्यायिका पनि भनिन्छ । वैदिक संहिताहरूमा पनि जतातते कथांशहरू पाइन्छन् । संस्कृत साहित्यको इतिहास हेर्दा ऋग्वेदबाट नै कथाको प्रारम्भ भएको हो । ऋग्वेदकै आख्यानहरू ब्राह्मण, आरण्यक, उपनिषद्, रामायण, महाभारत, पुराण आदि ग्रन्थमा विकसित हुँदै आएका हुन् (खनाल, २०६३, पृ. ६८) । उल्लिखित ग्रन्थहरूमा कथाको मात्रा अरू धेरै पाइन्छ । संस्कृतको कथा साहित्यमा सबैभन्दा प्रचीनग्रन्थ वृहत्कथा हो । यसका रचनाकार गुणढच हुन् । यो ग्रन्थ प्राचीन  पैचाशी प्राकृतमा रचिएको छ । यसको मूलरूप हाल उपलब्ध छैन । तर पनि यसका दुईवटा सङक्षिप्त संस्करण वृहत्कथामञ्जरी र कथाशरित्सागर भने उपलब्ध छन् । यीमध्ये वृहत्कथामञ्जरीका लेखक क्षेमेन्द्र र कथासरित्सागरका लेखक सोमदेव हुन् । यी एघारौं शताब्दीका लेखक मानिन्छन् । यी दुई प्रसिद्ध ग्रन्थबाहेक बृहत् कथामा आधारित श्लोक सङग्रह बुद्धस्वामीद्वारा रचित कथा कृति हो । यसमा क्षेमेन्द्र र सोमदेवको कथाभन्दा फरक प्रकारको कथा  रहेको छ । यीबाहेक अवदानशतक र आर्यासूर रचित जातकमाला बौद्धधर्म प्रचारक बोधिसत्वको

चरित्रमा आधारित कथाहरू हुन् । यस्तै बेतालपञ्चविंशतिका, सिंहासनद्वात्रिंशतिका, शुकसप्तति र भोजप्रबन्ध संस्कृतका अन्य प्रसिद्ध कथासङग्रह हुन् । संस्कृत साहित्यमा नीतिकथा र लोककथा गरी दुई प्रकारको आख्यान साहित्य रचना गरिएको पाइन्छ (सहाय, २०३० पृ ६३६) । यी कथाकृतिमा कल्पनाको अतिशय प्रयोगका साथै मानवीय, अतिमानवी एवं मानवेतर चरित्रको प्रयोग भएको पाइन्छ ।

संस्कृत साहित्यको कथा परम्परामा पशु, पंछी, देवदेवी, गन्धर्व, मनुष्य, असुर सबैले यस्तो भाषा बोल्छन् जुन भाषा सबैले बुझ्न सक्छन् । नीतिकथा ग्रन्थहरूको रचनात्मक उद्देश्य पनि सबैले बुझ्न सकून् भन्ने नै हो । यस वर्गमा पर्ने प्रतिनिधि कथा पञ्चतन्त्र हो । यसमा पशुपन्छीको कथाद्वारा मनुष्यलाई शिक्षा दिने उद्देश्य राखिएको छ । पञ्चतन्त्रको अनुवाद फारसी वादशाह नौशेरवाँले पहलवी भाषामा गराएका थिए भनिन्छ । यसको अर्को अनुवाद सिरियाली भाषामा ५७० इ.मा भएको थियो । त्यसपछि यसको अनुवाद हिब्रू, ल्याटिन, जर्मन, इटालियन, ग्रीक आदि भाषामा पनि भएको थियो । मूल पञ्चतन्त्र हाल उपलब्ध छैन । प्रचलित पञ्चतन्त्रभन्दा पहलवी भाषाको अनुवाद विषय र प्रस्तुतिका दृष्टिले निकै नजिक छ । यस अतिरिक्त तन्त्राख्यायिका नामको ग्रन्थ पनि संस्कृत कथा साहित्यमा उपलब्ध छ । यो ग्रन्थ पञ्चतन्त्रको सिरियाली अनुवादसाग निकै मिल्दोजुल्दो छ । हितोपदेश पञ्चतन्त्रकै एक उत्तरकालीन संस्करण हो (वर्मा लगायत, सन् १९८५, पृ. ७११) । नीतिकथा ग्रन्थहरू बौद्ध र जैन साहित्यमा प्रशस्त उपलब्ध छन् । नीतिकथाकै माध्यमबाट हरेक सम्प्रदायले जनमानसमा आआफ्नो सिद्धान्त र मतको प्रचारप्रसार गरेका छन् । संस्कृत कथाको ऐतिहासिक अध्ययनबाट के बुझिन्छ भने प्रत्येक सम्प्रदायले अधिकांशतः एकै कथाको माध्यमबाट आआफ्नो सम्प्रदायको भिन्न सैद्धान्तिक स्वरूप प्रस्तुत गर्न सफल भएका छन् ।

संस्कृत गद्यसाहित्यको सर्वप्राचीन स्वरूप हामी यजुर्वेदमा पाउँछौँ । संस्कृतमा गद्यं कविनां निकषं वदन्ति/गद्य नै कविहरूलाई जाच्ने कसी हो भन्ने उक्ति प्रचलित रहिआएको छ । संस्कृतमा खास गरी कृष्णयजुर्वेद, ब्राह्मणग्रन्थहरू, आरण्यकहरू र उपनिषद्हरू, निरूक्त, रामायण, महाभारत आदिले संस्कृत गद्यसाहित्यको विकास र संवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । (खनाल, २०६३, पृ ७३) । संस्कृत भाषामा सरल र सुबोध गद्यको प्रचुरता रहेको छ । संस्कृतका पछिल्ला आचार्यहरूले ओजगुण र समास प्रचुरता भएका गद्यरचना गर्नुका साथै तिनलाई नै गद्यको शैलीगत विशेषता मानेका छन् । यस दृष्टिबाट सुबन्धुको वासवदत्ता, दण्डीको दशकुमारचरित, वाणभट्टको हर्षचरित एवं कादम्बरीलाई ललित साहित्यको रीतिबद्ध सर्वोत्कृष्ट गद्यरचना मानिन्छ । यिनमा पनि कादम्बरीको स्थान विशेष उल्लेख्य रहेको छ । गद्य र पद्य मिश्रित रीतिबद्ध रचनालाई चम्पू भनिन्छ । यस कोटीको सबैभन्दा प्राचीन ग्रन्थ त्रिविक्रम भट्टले रचना गरेको नलचम्पू र दमयन्ती कथा हो । यसको समय दशौं शताब्दीको पूर्वार्ध मानिएको छ । यसकै आदर्शमा रचना गरिएका अन्य चम्पूमा यशस्तिलक, रामायणचम्पू, भागवतचम्पू र शङ्कर दीक्षिको गङ्गावतरणचम्पु आदि उल्लेख्य रहेका छन् (सहाय, २०३०, पृ. १६१) । यसरी संस्कृत साहित्यको वैदिक रूपदेखि नै कविता नाटक, नीतिमूलक आख्यान र लोकाख्याजस्ता गद्यको बीजाधान हुँदै पछिल्लो समयका उत्कृष्ट साहित्यिक रचनाहरू वर्तमानमा उपलब्ध भएका हुन् ।

## संस्कृत काव्यशास्त्र

आचार्य भरतको समयदेखि संस्कृत काव्यशास्त्रका विषयमा स्पष्ट चिन्तन हुन थालेको हो । काव्यशास्त्रका आचार्यहरूले अनेकौं शास्त्रीय रचनाका माध्यमबाट यसलाई समृद्ध बनाएका छन् । चिरन्तन कालदेखि विक्रमको ६०० सम्मको कालावधिलाई काव्यशास्त्रको आधारशीला तयार गर्ने प्ररम्भिक काल मानिएको छ । यस अवधिमा भरतको नाट्यशास्त्र र भामहको काव्यालङ्कार जस्ता ग्रन्थ रचिएका छन् । यस अवधिमा भरतले चार अलङ्कारको निरुपण गरे, भामहले त्यसको सङ्ख्या अठतिस पुऱ्याए र भट्टिले ती अलङ्कारको प्रयोग भट्टिकाव्यमा गरे । यही नै यसकालको विशेषता हो (ढकाल, २०५७, पृ. ख) । विक्रमको ६०० देखि ८०० सम्मको समयावधिलाई

रचनात्मक काल मानिएको छ। यस अवधिमा विशेषतः अलङ्कार सम्प्रदायका दण्डी, वामन, आनन्दवर्द्धन, रुद्रट आदि काव्यशास्त्री देखापरेका छन्। यस अवधिमा दण्डीको काव्यादर्श, वामनको काव्यालङ्कारसूत्र र आनन्दवर्धनको ध्वन्यालोक जस्ता ग्रन्थ रचिएका छन्। विक्रमको ८०० देखि ११०० सम्मको अवधि निर्णयकाल हो। यस अवधिमा अभिनवगुप्त, राजशेखर, कुन्तक, आचार्य महिम भट्ट, क्षेमेन्द्र, रुद्रट भोजराज, मम्मटजस्ता विद्वान्हरू देखापरे। यस अवधिमा अभिनवगुप्तद्वारा प्रणित आनन्दवर्धन रचित ध्वन्यालोकको लोचन टीका, राजशेखरको काव्यमीमांसा, नारायण शास्त्रीको अभिनव भारती टीका, कुन्तकको वक्रोक्तिजीवितम्, महिम भट्टको व्यक्तिविवेक, क्षमेन्द्रको औचित्यविचार चर्चा र कविकण्ठाभरण भोजराजको सरस्वतीकण्ठाभरण, मम्मटको काव्यप्रकाशजस्ता ग्रन्थहरू रचिएका छन्। विक्रमको ११०० देखि हालसम्मको अवधिलाई व्याख्याकाल भनिन्छ। यस कालमा ध्वनि सम्प्रदायका राजाजनक/रुयक, हेमचन्द्र, विद्याधर, विद्यानाथ, जयदेव, अप्पय दीक्षित आदि रस सम्प्रदायका विश्वनाथ, शारदातनय, शिङ्गभूपाल, भानुदत्त, रूपगोस्वामी, आदि अलङ्कार सम्प्रदायका पण्डितराज जगन्नाथ, विश्वेश्वर पाण्डेय आदि औचित्य सम्प्रदायका क्षेमेन्द्र र कविशिक्षा सम्प्रदायका राजशेखर, अमरसिंह, अमरचन्द्र, देवेश्वर आदि विद्वान्हरूले कावव्शास्त्रको व्याख्यामा योगदान पुऱ्याएका छन् (ढकाल, २०५७, पृ. ट)। यस अवधिमा राजाजनक रुयकको काव्यप्रकाश सङ्केत, विश्वनाथको साहित्यदर्पण, अप्पय दीक्षितको वृत्तिवार्तिक र चित्रमीमांसा, रुद्रटको काव्यालङ्कार, पण्डितराज जगन्नाथको रसगङ्गाधारको नागेशप्रणीत टीका गुरुमर्मप्रकाशिका, उद्भटको काव्यालङ्कारसारसङ्ग्रह, जयदेवको चन्द्रालोक, शारदातनयको भावप्रकाश र विद्यारत्न कान्तिचन्द्र भट्टाचार्यको काव्यदीपिका जस्ता अनेकौं साहित्यशास्त्रका कृतिहरू रचना भएका छन्।

## निष्कर्ष

संस्कृत साहित्यको ऐतिहासिकतालाई समग्रमा हेर्दा इशा पूर्व १५०० वर्षदेखि हालसम्म आइपुग्दा यसले करिब ३७०० वर्ष पार गरिसकेको देखिन्छ। यस अवधिमा संस्कृत साहित्यले प्रारम्भ, विकास र उत्थानका चरणका साथै विभिन्न उतारचढाउ हुँदै हाल शिथिलताको अवस्था बेहोरिरहेको देखिन्छ। वैदिक मन्त्रद्रष्टा ऋषिहरूले निर्माण गरेका वेदका विभिन्न शाखा र रूपहरूको विकास र रुपान्तरण हुँदै संस्कृत साहित्य वर्तमान अवस्थामा आइपुगेको हो। संस्कृत साहित्यका विभिन्न विधाको साहितियक बीजरुप वेदमा नै रहेको देखिन्छ। संस्कृत काव्य र आख्यानको बीज ऋग्वेदमा देखिन्छ भने यजुर्वेदमा गद्य साहित्यको बीजरुप देखिन्छ। सामवेद नाट्य साहित्यको बीजरुप हो। नाटकमा खास गरी गीत र गायनको विषय सामवेदबाट ग्रहण गरिएको हो। अथर्ववेदमा अर्थशास्त्रको बीज भेटिन्छ। संस्कृत साहित्यको विकास क्रमशः ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्ग हुँदै वैदिक संस्कृत साहित्यबाट लौकिक संस्कृत साहित्यतर्फ रुपान्तरण भएको देखिन्छ। वैदिककालीन ग्रन्थहरूले संस्कृत साहित्यको विधागत विकासमा महत्पूर्ण भूमिका खेलेका छन्। लौकिक संस्कृतका प्रचीनतम ग्रन्थहरु रामायण र महाभारत हुन्। लौकिक संस्कृत भाषामा रचिएका भए पनि ऋषि-महर्षिद्वारा रचना गरिएको र सन्धिकालीन रचना भएकाले रामायण र महाभारतलाई आर्ष साहित्य भनिन्छ। महाभारतकै दार्शनिक साररुपको उत्कृष्ट ग्रन्थ गीता पनि यसै कालको रचना हो। यस बिचमा पुराण, धर्मशास्त्र, स्मृतिग्रन्थ, आयुर्वेद, व्याकरण, ज्योतिष, अर्थशास्त्र, कामशास्त्र जस्ता अनेकौँ साहित्येतर ग्रन्थहरुसमेत रचना भएको देखिन्छ। संस्कृत साहित्यको कलात्मक काव्यलेखन मूलतः पाणिनि, अश्वघोष र कालिदासको सुकुमार मार्ग हुँदै भारवि, माघ, श्रीहर्ष आदिको शास्त्रीयतावादी बौद्धिकतायुक्त विचित्रमार्गी काव्यलेखनमा विकसित भएको देखिन्छ। संस्कृत नाटकको विकासमा खासगरी भास, कालिदास, शूद्रक, भवभूति र श्रीहर्षजस्ता स्रष्टहरुको उल्लेखनीय योगदान रहेको देखिन्छ। संस्कृत साहित्यको काव्य, नाटक, आख्यन, गद्य र काव्यशास्त्रसमेतको विकासको उत्कर्ष सत्रौं शताब्दीसम्म रहेको देखिन्छ। संस्कृत साहित्यको ऐतिहासिक आलोकबाट हेर्दा भारतीय उपमहाद्वीपमा सत्रौं शताब्दीपछि विभिन्न आधुनिक भाषाहरुको जन्म भई संस्कृत साहित्य लेखन शिथिल रहेको तथ्य त्यसपछि संस्कृत साहित्यका कुनै कालजयी कृति नदेखिएबाट स्पष्ट भएको छ।

सङ्क्षेपमा भन्नु पर्दा संस्कृत साहित्यको उद्भव वेदहरूबाट भएको हो । यसको विकास रामायण र महाभारत हुँदै विभिन्न नव्यकाव्यहरू, नाटक, आख्यान, गद्यकाव्य र काव्यशास्त्रहरूबाट भएको देखिन्छ । इशापूर्व १५०० तिर देखि इशाको सत्रौँ शताब्दीसम्म संस्कृत साहित्यको विकार र उत्थानले चरम रूप प्राप्त गरेको देखिन्छ भने सत्रौँ शताब्दीदेखि हालसम्मको संस्कृत साहित्य लेखन रक्षात्मक अवस्थामा गुज्रिरहेको छ । यसरी संस्कृत साहित्य वैदिक र लौकिक रूपमा अभिव्यक्त हुँदै विगत चार सय वर्षदेखि गम्भीर मोडमा अडिएको देखिन्छ ।

## सन्दर्भसमग्री सूची


अधिकारी, टीकाराम. (२०५०). *महाकवि कालिदास.* ललितपुर : साझा प्रकाशन ।

आचार्य, श्रीराम शर्मा. (सम्पा.). (२००५). *अथर्ववेद संहिता.* मथुरा : युग निर्माण प्रकाशन ।

उपाध्याय, बलदेव. (सन् १९५८). *संस्कृत साहित्य का इतिहास.* वनारस : शारदा मन्दिर ।

उपाध्याय, आचार्य बलदेव. (१९७९). *भारतीय दर्शन की रूपरेखा* (दो.सं.). वाराणसी : चौखम्भा ओरियन्टालिया ।

कोइराला, कुलचन्द्र. (२०५५). *'देवकोटाज्यूसागको प्रसङ्ग' देवकोटाको आनिबानी* (सम्पा.). घटराज भट्टराई. काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, पृ. ३०) ।

खनाल, चूडामणि. (२०६३. *संस्कृत साहित्यको परम्परा.* ललितपुर : साझा प्रकाशन ।

गैरोला, वाचस्पति. (सन् १९८५). *संस्कृत साहित्य का इतिहास.* वाराणसी : चौखम्बा विद्याभवन ।

ढकाल, वेणीमाधव. (टीकाकार). (२०५७). *काव्यदीपिका.* काठमाडौँ : श्रीमती प्रभालक्ष्मी राणा ।

पाण्डेय, रामनारायणदत्त. (सम्पा.). (२०६६). *लघुसिद्धान्तकौमुदी.* गोरखपुर : गीता प्रेस ।

वराल, ईश्वर लगायत. (सम्पा.). (२०५५). *नेपाली साहित्यकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वर्मा, धीरेन्द्र लगायत. (सम्पा.). (सन् १९८५). *हिन्दी साहित्यकोश.* वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

शर्मा, गोपीकृष्ण. (२०५६). *संस्कृत साहित्यको रूपरेखा.* काठमाडौँ : अभिनव प्रकाशन ।

शास्त्री, मधुसुदन. (सम्पा). (सन् १९७१). *नाट्यशास्त्र.* वाराणसी : काशी हिन्दु विश्वविद्यालय ।

सहाय, राजवंश 'हीरा'. (२०३०). *संस्कृत साहित्यकोश.* वाराणसी : चौखम्बा प्रकाशन ।

https://en.wikipedia.org/wiki/Historicity, This page was last edited on 1 September 2020, at 23:05 (UTC).